Jana Aakash National Weekly

# जन आकाश

राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- १५, २०७९ साल कार्तिक २२ गते मंगलबार (Nov 8, 2022) www.janaakash.com.np मूल्य रु १०।-

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्कः ४१६७५७८ (बागबजार)

मोबाइलः ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# काठमाडौं क्षेत्र १ को चुनावी प्रतिस्पर्धा रोचक

काठमाडौं । प्रतिनिधिसभा निर्वाचनअन्तर्गत काठमाडौं क्षेत्र १ को चुनावी प्रतिस्पर्धा रोचक हुने देखिएको छ । नेपाली कांग्रेस नेता प्रकाशनमान सिंह लगातार तीनपटक जितेको यो क्षेत्रमा यसपटक नतिजा आँकलन गरिहाल्न सक्ने अवस्था छैन । यद्यपि, सिंहलाई विरासत जोगाउन निकै चुनौती देखिएको छ ।








सत्तारूढ गढबन्धका तर्फबाट उम्मेदवार बन्दै चौथोपटक जित निकाल्ने दाउमा रहेका सिंहलाई नेकपा एमालेका युवा नेता किरण पौडेल, २०७४ का निकटत्तम प्रतिद्वन्द्वी राप्रपाका रवीन्द्र मिश्र, राष्ट्रिय स्वतन्त्र पार्टीका पुकार वम सिंहका लागि कडा प्रतिस्पर्धीका रूपमा उत्रिएका छन् ।

यो क्षेत्रमा २१ पार्टी र ११ स्वतन्त्र उम्मेदवार चुनावी मैदानमा छन् । सिंह २०६४, ७०, ७४ सालमा गरी लगातार तीनपटक काठमाडौं क्षेत्र १ मा निर्वाचित भइसकेका छन् ।

२०७४ को निर्वाचनमा सिंह निकटत्तम प्रतिद्वन्द्वी विवेकशील साझा पार्टीका रवीन्द्र मिश्रभन्दा ८ सय १८ मतले मात्रै विजय हासिल गरेका र यसपटक पनि मिश्र राप्रपाबाट प्रतिस्पर्धामा उत्रिएकाले मिश्रले सिंहलाई कडा चुनौती दिन सक्ने आँकलन गरिएको छ । ६६ वर्षीय सिंहलाई चुनौती दिन नेकपा (एमाले)का ४१ वर्षीय उम्मेदवार किरण पौडेल मैदानमा छन् । पहिलोपटक प्रतिनिधिसभा सदस्यमा उम्मेदवार बनेका पौडेल सुरुमै 'हेभी वेट' सिंहसँग प्रतिस्पर्धा गर्दै छन् ।

काठमाडौं क्षेत्रमा १ धेरै चर्चित अनुहार प्रतिस्पर्धामा रहेकाले कांग्रेसको मत काटिने र नेकपा (एमाले) तथा युवाका मतबाट आफ्नो जित हुने पौडेलको दाबी छ । पौडेल नयाँ ऊर्जासाथ प्रचारप्रसारमा छन् । उनी नेकपा एमालेको युवा संघ अध्यक्षसमेत हुन् । उपप्रधानमन्त्रीसमेत भइसकेका सिंह भने संविधान कार्यान्वयनका लागि आफूलाई मत दिन आग्रह गरिरहेका छन् । यसैगरी, राष्ट्रिय स्वतन्त्र पार्टीका ३५ वर्षीय पुकार वम 'न्युटल' युवाको समर्थन आफूमा रहेको बताउँछन् । आफूभन्दा झन्डै दोब्बर बढी उमेरका सिंहलाई टक्कर दिने उनी बताउँछन् । काठमाडौं क्षेत्र १ को परिवर्तन चाहने, विभिन्न बाँकी ६ पृष्ठमा

# ८ करोड ३ लाख ८४ हजार ५ सय मतपत्र छपाइ

काठमाण्डौ । आउँदो मंसिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा चुनावका लागि आवश्यक मतपत्र छपाइको काम सकिएको छ । चुनावका लागि प्रत्यक्षतर्फको आवश्यक सबै मतपत्रको छपाइ कार्य सम्पन्न भएको निर्वाचन आयोगले जनाएको हो । आयोगले जनक शिक्षा सामग्री केन्द्रलाई प्रत्यक्ष निर्वाचनतर्फका मतपत्र छपाउन दिएको थियो । आयोगले केन्द्रलाई यही कात्तिक २० गतेसम्मको समयसीमा दिएकोमा दुई दिन अगावै मतपत्र छपाइको काम सकिएको हो । आज शुक्रवार निर्वाचन आयोगका आयुक्त रामप्रसाद भण्डारीले केन्द्रको अवलोकन गर्नुभएको थियो ।

उहाँले ८ करोड ३ लाख ९४ हजार ५ सय मतपत्र छपाइ सकिएको र नमुना मतपत्र २२ लाख गरी झन्डै ८ करोड २५ लाख मतपत्र छापिएको बताउनु भयो । निर्वाचन आचारसंहिता केन्द्रीय अनुगमन समितिका संयोजकसमेत रहनुभएका आयुक्त भण्डारीले कर्णाली, सुदूरपश्चिम, लुम्बिनी, गण्डकी प्रदेशमा ढुवानी सम्पन्न भइसकेको जानकारी दिनुभयो । अब प्रदेश १, मधेस प्रदेश र बाग्मती प्रदेशमा चाँडै मतपत्र ढुवानी हुने उहाँले बताउनुभयो । उहाँले मतपत्र छाप्ने काम चुनौतीपूर्ण रहे पनि सबैको सहयोगमा समयभन्दा अगाडि नै सकिएको बताउनु भयो ।

उहाँले भन्नुभयो, 'सबै पक्षबाट मतपत्र छपाइको काम चुनौतीपूर्ण हो । तर आयोगले र आयोगसँग सम्बद्ध मतपत्र छपाइको क्रममा सँगै बसेर काम गर्नुहुने सबै साथीहरुले यसलाई अवसरको रुपमा लिनुभएको छ । २० गतेसम्म मतपत्र छापिसक्नुपर्ने भन्ने थियो, तर तालिकाभन्दा दुई दिन अगावै मतपत्र छपाइको काम सकियो । अब ढुवानी छिट्टै हुन्छ । छोटो समयमा यति धेरै मतपत्र छापिनु, गम्भीर कुरा नै हो । तर सहज रुपमा मतपत्र छापिएको छ' उहाँले भन्नुभयो । समानुपातिक निर्वाचन प्रणालीतर्फको करिब ४ करोड मतपत्र छापिसकिएको आयोगले जनाएको छ । आयोगको पछिल्लो तथ्याङ्कअनुसार चुनावमा कुल १ करोड ७९ लाख ८५ हजार ७० जना मतदाता रहेका छन् । यी मतदाताहरुले समानुपातिक तथा प्रत्यक्ष दुई प्रणालीका लागि चार वटा मतपत्रमा भोट हाल्नुपर्ने हुन्छ । जसअनुसार आउँदो चुनावका लागि करिब ८ करोड मतपत्र आवश्यक पर्छ ।

# पाँच ट्रेड युनियन महासंघद्धारा चुनाव बहिस्कार गर्ने घोषणा

काठमाडौं । चुनाव बहिस्कार गर्ने विभिन्न पार्टी निकटका पाँच ट्रेड युनियन महासंघहरुले आगामी मंसिर ४ गते हुने प्रतिनिधि सभा तथा प्रदेशसभा निर्वाचन बहिस्कार गर्ने घोषणा गरेका छन् । सोमबार रिपोटर्स क्लब नेपालमा पत्रकार सम्मेलन गरेर संयुक्त ट्रेड युनियन संघर्ष समितिले आगामी चुनावबाट निस्कने परिणाम घोर प्रतिक्रियावादी एवं राष्ट्रियता,जनतन्त्र र जनजीविकाविरुद्ध हुने जनाएको छ ।

क्रान्तिकारी ट्रेड युनियन महासंघ, नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ, अखिल नेपाल ट्रेड युनियन महासंघ, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ र वैज्ञानिक समाजवादी ट्रेड युनियन महासंघले संयुक्त रुपमा चुनाव बहिस्कार घोषणा गरेका हुन् । निर्वाचनको नाममा साम्राज्यवाद(विस्तारवादका दलाल एवं थैलिपतिहरुद्धारा गरिएको फगत कार्टेलिङ प्रहसन मात्र भएको युनियनहरुको ठहर छ ।

ट्रेड युनियन संघर्ष समिति श्रमिकवर्गका मुक्ति, न्याय र समानताका निम्ति अधिक कठोर संघर्षको नेतृत्व गर्न पनि दृढ रहेको बताइएको छ । पत्रकार सम्मेलनमा बोल्दै क्रान्तिकारी ट्रेड युनियन महासंघका अध्यक्ष राजन तिमिल्सिनाले देश अत्यन्तै संकटग्रस्त अवस्थामा गुज्रिरहेको बताएका छन् । संकटका कारण मुलुकमा रोजगारी श्रृजना गर्न र व्यापार व्यवसायहरु बढाउन नसकेको बताए । उनले भने,'व्यापार व्यवसायहरु टाट पल्टेका छन्, बैंक वित्तिय संस्थाहरु चल्नै नसक्ने अवस्थामा रहेका छन् र उनीहरुको दैनिक कारोबार बन्द भइसकेका छन् तैपनि शासक वर्गहरुले कथित निर्वाचनको नाटक देखाइरहेका छन् ।'

उनले अहिलेको निर्वाचन प्रणाली पैसा खर्च नगरी कुनै पनि प्रतिफल लिन नसकिने अवस्थामा पुगेको बताए । राजनीतिमा अस्वस्थ्य ढंगको प्रतिस्पर्धा भइरहेको उनको भनाइ थियो ।

यसैगरी,अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका अध्यक्ष बिनोद थापाले मंसिर ४ गते हुने निर्वाचन नेपाली जनताको लागि उपयुक्त नभएको टिप्पणी गरेका छन् । चुनाव जितेपछि गाउँ नर्फकने नेताहरु अहिले झोली बोकेर गाउँ(गाउँ पुगिरहेको उनले सुनाए ।


अहिलेको व्यवस्थालाई दलालको संज्ञा दिँदै उनले सोही राजनीतिक व्यवस्था विगत ३० वर्षदेखि देशमा कायम भइरहेको उनको भनाइ थियो । विभिन्न दलका नेताहरुले मजदुरहरुलाई झुटा नारा दिएर झुक्काइरहेको भन्दै उनले दुखेसो पोखे । एमसीसी, एसपीपी समर्थन गर्नेहरु नक्कली प्रतिवद्धतापत्र लिएर जनतामाझ गइरहेको भन्दै उनले जनताले चुनाव वहिस्कार गर्नुपर्ने धारणा राखे । उनले भने,'चुनावमा भोट दिनु भनेको फेरी ५ वर्ष देशलाई भुमरीमा पार्नु हो ।'

मजदुरले न्याय नपाएसम्म आफूहरुको आन्दोलन जारी रहने समेत उनले स्पट पारे । मजदुर वर्गको हितमा काम नगर्ने नेताहरुलाई गाउँबाट लखेट्नुपर्ने बताए । देशभरका ट्रेड युनियनहरु मंसिर ४ गते हुने निर्वाचनको खारेजीमा जुट्नुपर्ने र मजदुरहरु घरमा हात बाँधेर बस्नुपर्नेमा उनले जोड दिए ।

त्यस्तै, अखिल नेपाल ट्रेड युनियन महासंघका महासचिव राजकुमार थापाले पार्टीहरुकै कारण मजदुरहरुलाई विभाजन हुनु परेको दाबी गरेका छन् । मजदुरहरुको समस्या समाधान गर्ने वाचा गरेका बाँकी ६ पृष्ठमा

# जीएमआरको म्याद दुई वर्ष थप्ने निर्णय कार्यान्वयन नगर्न सर्वोच्चको आदेश

काठमाण्डौ । सर्वोच्च अदालतले माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको प्रवर्द्धक भारतीय कम्पनी ग्रान्धी माल्लिकार्जुन राव (जीएमआर) को दुई वर्ष म्याद थप गर्ने मन्त्रिपरिषद्को निर्णय तत्कालका लागि कार्यान्वयन नगर्न आदेश दिएको छ । सर्वोच्च अदालतका न्यायाधीश ईश्वरप्रसाद खतिवडाको एकल इजलासले गएको असार ३१ गते जीएमआरको म्याद दुई वर्ष थप गर्ने मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन नगर्न हिजो बिहिवार अन्तरिम आदेश दिएको हो । मन्त्रिपरिषद्ले माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापनको म्याद थप गर्ने निर्णय गरेको थियो । तीन वर्ष पहिले नै म्याद समाप्त भइसकेको र बीचको म्याद थप नभएको अवस्था छँदाछँदै निर्णय भएको देखिएको आदेशमा उल्लेख छ । 'साविकमा म्याद थप गर्ने निर्णय लगानी बोर्डबाट गर्ने गरिएकामा अहिले किन बाँकी ६ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# आज खगोल चन्द्र ग्रहण के छ यसको महत्व

आज १:४७ मा चन्द्र ग्रहण लाग्ने भएको छ । नेपालमा दिउसो हुने भएको हुनाले यसको प्रत्येक्ष कसैले देख्न सक्ने छैनन् । किनकी नेपालमा सुर्यको उज्यालो नै रहेको हुन्छ ।

चन्द्रग्रहण के हो ?

सामान्यतया ग्रहण दुई किसिमका हुन्छ सूर्यग्रहण र चन्द्रग्रहण । पृथ्वी, चन्द्रमा र सूर्य एउटा सीधा रेखामा पुग्दा बीचमा रहेको पृथ्वीको छायाले चन्द्रमालाई ढाक्ने अवस्था नै चन्द्र ग्रहण हो् । चन्द्रग्रहण लाग्दा सूर्य वा चन्ऽमाको कति भागमा छाया पर्छ भन्ने आधारमा पनि यसको प्रकार छुट्टाइएको भौतिकशास्त्रीहरुको भनाई छ ।

चन्द्रग्रहण खग्रास र खण्डग्रासगरी दुई किसिमका हुन्छन् । चन्द्रमाको कुनै पनि प्रकाश पृथ्वीमा आउन नसक्नेगरी छाया पर्नुलाई खग्रास चन्द्रग्रहण भनिन्छ । त्यस्तो अवस्थामा "चन्द्रमा सुन्तला र गुलाबी रङ मिश्रित देखिन्छ ।" त्यस्तो देखिने चन्द्रमालाई रक्तिम वा ब्लड मून भनिन्छ । नासाका अनुसार खग्रास चन्द्रग्रहण हुँदा चन्द्रमा र सूर्य पृथ्वीको ठिक विपरीत स्थानमा हुन्छन् । भन्ने भनाई छ ।

खगोलशास्त्रमा सन् २०२२ का मुख्य आकर्षण

एउटा यस्तो ग्रह जहाँ चट्टानको वर्षा हुन्छ अनि लाभाको समुद्र छ त्यस्तै चन्द्रमाको केही खण्डमा मात्र पृथ्वीको छाया पर्दा खण्डग्रास चन्द्रग्रहण लाग्छ । यस किसिमको ग्रहण लाग्दा छायाको आकारका आधारमा ग्रहण परेको ठाउँमा चन्द्रमाको सतह गाढा रातो, खियाको जस्तो वा खरानी रङ्को देखिन्छ ।

संसार भर यो खग्रास ग्रहण लाग्ने भएपनि समय फरक फरक पर्ने विज्ञहरुको भनाई आएको छ । नेपालमा दिउसो १:४७ मा लाग्ने भएको हुनाले नेपालमा त्यसको अनुभव गर्न नसकिने भएको हो । त्यसरी प्रत्यक्ष नदेखिए पनि नेपालमा नागरिकहरुले चन्द्र ग्रहण लागेको वेलामा खानपान नगर्ने गरी बार्ने गरेका छन् ।

# राजनीतिक सिद्धान्तविहीन निर्वाचन

मञ्चला झा

दसैं, तिहार र छठ पर्वको चट्टारोपछि अहिले गाउँदेखि सहर सबैतिर निर्वाचनकै चर्चा चलिरहेको छ । लोकतन्त्रलाई संस्थागत र सुदृढ गर्न निर्वाचन महत्त्वपूर्ण हुन्छ । जनप्रतिनिधि रोज्ने लोकतान्त्रिक विधि पनि हो यो । मतदातालाई आफ्नो पक्षमा पार्न जनप्रतिनिधिहरू अहिले जोडबलका साथ लागिरहेका छन । मतदाताको घरदैलोमा मात्र होइन धान खेतदेखि गाईगोठसम्म पुगिरहेका छन ।

निर्वाचन नजिकँदै गर्दा यस्तो गतिविधि स्वाभाविकै हो रु। तर, विगतमा जस्तै यसपालि पनि आफ्नो मतको अवमूल्यन हुने त हैन भन्ने अविश्वास मतदातामा व्याप्त छ । मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीमा गएपछिको दोस्रो निर्वाचनमा दलहरूबीचको अप्राकृतिक गठबन्धनले मतदाता अलमलमा देखिन्छन । यसको कारणका बारेमा थप छलफल गर्नुपर्ने भएको छ । संविधानले व्यवस्था गरेअनुरूप नेपालले विधिवत् रूपमा २०७४ सालको निर्वाचनपछि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणाली अंगीकार गऱ्यो । नयाँ व्यवस्थाको पहिलो कार्यकाल भने नेपालीका लागि त्यति प्रिय रहेन । यसका अनेक कारकमध्ये प्रमुख हो( नेपाली राजनीतिमा देखिएको अस्थिरता । अघिल्लो संघीय निर्वाचनमा नेकपा एमाले र माओवादी केन्द्र सम्मिलित गठबन्धनले झन्डै दुईतिहाइ मत पाएर सरकार बनाएका थिए । जनतालाई ठूलठूला सपना देखाए पनि । तर, कालान्तरमा ती कोरा कल्पना साबित भए । 'समृद्ध नेपाल र सुखी नेपाली' को आकर्षक नाराले कार्य प्रारम्भ गरेको कम्युनिस्ट सरकारले केही गर्ला भन्ने नेपालीको उत्साहमाथि तुषारापात मात्र भएन जनप्रतिनिधिको वैधानिक थलो प्रतिनिधिसभामाथि नै दुई(दुई पटक प्रहार भयो ।

जननिर्वाचित सरकारबाटै हैकमी प्रवृत्तिले भएको संविधान उल्लंघनले नेपालको राजनीतिलाई नै तरंगित बनायो । परिणामतः तामझामका साथ बनेको एमाले र माओवादी गठबन्धन छिन्नभिन्न भयो । एमालेको एउटा खेमा पनि अलग्गियो । देश हाँक्ने जनमत पाएको सरकारले गरेको संविधान उल्लंघनको विरोधमा सर्वसाधारण सडकमा उत्रिनुपऱ्यो । यस्तो असहज परिस्थितिको उपज नै वर्तमान सत्ता गठबन्धन हो । सत्ता सञ्चालनका लागि जनमत नै नपाएको नेपाली कांग्रेसले आफ्नो नेतृत्वमा माओवादी, लेनिनवादी, मधेशवादी र संघीयताविरोधी दलहरूसँग गठबन्धन गर्ने कल्पना नेपालीले मत दिने बेला सायदै गरेका थिए ।

सर्वोच्च अदालतको परमादेशबाट गठन भएको वर्तमान सरकारसँग न जनताले ठूलो अपेक्षा राखे न त यसले पनि आफ्नो कार्यकालमा कुनै उपलब्धिमूलक काम नै गर्न सक्यो । गठबन्धनलाई कसरी जोगाउने भन्नेमै कांग्रेस नेतृत्वको ध्यान केन्द्रित भयो । पछिल्लो पाँच वर्षलाई विश्लेषण गर्दा एमाले नेतृत्वबाट मात्र होइन राष्ट्रपतिबाट समेत अप्रत्याशित रूपमा संविधानको उल्लंघन भयो । यसबीच सत्ताशक्तिको उही पुरानो फोहोरी खेल दोहोरिनु र दलहरू राजनीतिक जोड( घटाउमै केन्द्रित हुनुले जनमानसमा निराशा बढ्यो । यसले दलहरूप्रति वितृष्णा पनि बढायो । २०४६ देखि २०६३ सालसम्म र त्यसपछि २०७४ सालदेखि हालसम्मको अवधिमा भएका राजनीतिक गतिविधि नियाल्दा दलहरूको कार्यशैलीमा कुनै तात्त्विक अन्तर देखिएन ।

संघीय राजनीतिको यस्तो रोगले प्रादेशिक संरचनालाई समेत नराम्ररी गाँजेको छ । त्यसलै प्रदेश सरकारहरूको क्रियाकलापले पनि जनमानसलाई आकर्षित गर्न सकेन । संघीय राजनीतिको तरंगले प्रादेश संरचनामा ल्याएको उथलपुथलले प्रदेश सरकारहरूले जनअपेक्षित काम गर्न नसक्कनु त छँदैछ पाएको बजेट र समयको सदुपयोग पनि गर्न नसक्नु तिनको दुर्बल पक्ष रह्यो । संघीयता अभ्यासको सुरुआती चरणमा प्रदेश सरकारहरूले उदाहरणीय काम गर्नुभन्दा विकास निर्माणको नाममा केही थान भ्युटावर, मठमन्दिर लगायत अनावश्यक निमार्णबाहेक अन्य आधारभूत काम गर्न सकेनन । हुन त, संविधानको व्यवस्था अनुसार प्रदेश सरकारहरूले पाउनुपर्ने अधिकारसमेत नपाउनु र संघीय सरकारले कार्यक्षेत्रमा हस्तक्षेप गर्न खोज्नुले पनि चाहे अनुसार काम गर्न नसकेको गुनासो सुनिन्छ । तर उपलब्ध साधनस्रोतको सदुपयोग गर्नुभन्दा प्रदेश सरकारहरूको बढी ध्यान सुविधा र विलासितातिर गएको देखियो । प्रदेशहरूको कार्यशैलीले यो प्रणालीमा व्यापक सुधारको खाँचोलाई अनुभूत गरेको छ । यसपालि दलहरूप्रतिको अविश्वास यति विघ्न बढेको छ कि, संघीय र प्रादेशिक दुवै निर्वाचनमा दुई हजारभन्दा बढी स्वतन्त्र उम्मेदवार खडा भएका छन । लोकतन्त्रमा योग्यता पुगेकाहरू, जोसुकै निवार्चनमा उठ्नुलाई अन्यथा मान्न सकिँदैन । तर दलीय पद्धतिमा स्वतन्त्र उम्मेदवारको संख्या बढ्दै जानुले भने राम्रो संकेत गर्दैन ।

मतदाताको आक्रोश बढ्नुको अर्को कारण फरक राजनीतिक विचार भएका दलहरूबीचको अप्राकृतिक गठबन्धन पनि हो । यसले मतदातालाई चिढ्याएको मात्र छैन, कुन दललाई भोट दिने भन्नेमा पनि अलमलमा पारेको छ । विशेष गरी दलको सिद्धान्तमा विश्वास गर्ने सजग नागरिक जसले वर्षौंदेखि कुनै एउटै दललाई भोट हाल्दै आएको छ उसलाई राजनीतिक सिद्धान्त नै धरापमा राखेर मत हाल्न कठिन हुने देखिन्छ । राजनीतिक सिद्धान्तको यति घोर विचलन यसअघि मतदाताले कहिले अनुभूत गरेका थिएनन । आजीवन रूखमा मत हालेर जीवनको उतरार्द्धमा हँसिया हथौडामा मत कसरी हाल्ने ? सधैं सूर्यमा उग्र वामपन्थ देख्नेहरूले निर्दलीय पञ्चायतका कट्टर समर्थकहरूलाई मत कसरी हाल्ने ? यी यावत् प्रश्न मतदाताको मनमस्तिष्कमा उठिरहेका छन । यतिखेर राजनीतिक दलहरूबीच बनेका गठबन्धनहरूलाई हेर्दा को लोकतान्त्रिक पद्धतिका पक्षधर र को कम्युनिस्ट विचारधाराका प्रतिपादक तथा को माओवादका समर्थक साथै को राजावादी हुन् छुट्याउन गाह्रो छ । सबभन्दा अचम्म त, हिजोसम्म एकअर्कालाई शत्रु ठान्ने र हेरी नसक्नेहरू पनि एकअर्काका लागि मत माग्दै हिँडेका छन । चुनावको क्रममा बनेका यी अप्राकृतिक गठबन्धनहरू चुनावी रणनीतिमा सफल हुन मात्र हो कि अगामी दिनमा सत्ता साझेदारी पनि गर्लान ?

संविधानले व्यवस्था गरे अनुरूप नेपालले विधिवत् रूपमा २०७४ सालको निर्वाचनपछि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणाली अंगीकार गऱ्यो । नयाँ व्यवस्थाको पहिलो कार्यकाल भने नेपालीका लागि त्यति प्रिय रहेन । यसका अनेक कारकमध्ये प्रमुख हो । नेपाली राजनीतिमा देखिएको अस्थिरता । अघिल्लो संघीय निर्वाचनमा नेकपा एमाले र माओवादी केन्ऽ सम्मिलित गठबन्धनले झन्डै दुईतिहाइ मत पाएर सरकार बनाएका थिए । जनतालाई ठूलठूला सपना देखाए पनि । तर, कालान्तरमा ती कोरा कल्पना साबित भए । समृद्ध नेपाल र सुखी नेपालीको आकर्षक नाराले कार्य प्रारम्भ गरेको कम्युनिस्ट सरकारले केही गर्ला भन्ने नेपालीको उत्साहमाथि तुषारापात मात्र भएन जनप्रतिनिधिको वैधानिक थलो प्रतिनिधिसभामाथि नै दुई(दुई पटक प्रहार भयो ।

जननिर्वाचित सरकारबाटै हैकमी प्रवृत्तिले भएको संविधान उल्लंघनले नेपालको राजनीतिलाई नै तरंगित बनायो । परिणामतः तामझामका साथ बनेको एमाले र माओवादी गठबन्धन छिन्नभिन्न भयो । एमालेको एउटा खेमा पनि अलग्गियो । देश हाँक्ने जनमत पाएको सरकारले गरेको संविधान उल्लंघनको विरोधमा सर्वसाधारण सडकमा उत्रिनुपऱ्यो । यस्तो असहज परिस्थितिको उपज नै वर्तमान सत्ता गठबन्धन हो । सत्ता सञ्चालनका लागि जनमत नै नपाएको नेपाली कांग्रेसले आफ्नो नेतृत्वमा माओवादी, लेनिनवादी, मधेशवादी र संघीयताविरोधी दलहरूसँग गठबन्धन गर्ने कल्पना नेपालीले मत दिने बेला सायदै गरेका थिए । सर्वोच्च अदालतको परमादेशबाट गठन भएको वर्तमान सरकारसँग न जनताले ठूलो अपेक्षा राखे न त यसले पनि आ□नो कार्यकालमा कुनै उपलब्धिमूलक काम नै गर्न सक्यो । गठबन्धनलाई कसरी जोगाउने भन्नेमै कांग्रेस नेतृत्वको ध्यान केन्द्रित भयो । पछिल्लो पाँच वर्षलाई विश्लेषण गर्दा एमाले नेतृत्वबाट मात्र होइन राष्ट्रपतिबाट समेत अप्रत्याशित रूपमा संविधानको उल्लंघन भयो ।

हुन त, विगतको इतिहास हेर्दा यहाँ केही असम्भव छैन । २०४६ सालको लोकतान्त्रिक आन्दोलनका नेतृत्वकर्ता कांग्रेस र वाममोर्चाले राजतन्त्रका पक्षधरहरूलाई पालैपालो सत्ताको नेतृत्व सुम्पेको इतिहास ताजै छ । २०५३ सालमा एमालेले लोकेन्द्रबहादुर चन्द र नेपाली कांग्रेसले २०५४ मा सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाएका थिए । निर्दलीय पञ्चायती व्यवस्था फाल्न ठूलो विद्रोह गरेका दलहरूले नै सो व्यवस्थाका कट्टर समर्थकहरूलाई सत्ताको बागडोर सम्हाल्न गरेको अनुनयलाई वैचारिक राजनीतिमा आएको विचलन भन्ने कि नभन्ने ? स्वयं सूर्यबहादुर थापाले समेत लोकतन्त्र स्थापनापछि प्रधानमन्त्री हुने कल्पना गरेका थिएनन । उनको हालै प्रकाशित आत्मवृत्तान्तमा यो प्रसंग पढ्न पाइन्छ । लोकतन्त्रका पक्षधर दलहरूमा जनआन्दोलनपछिका केही वर्षहरूमै वैचारिक राजनीतिमा आएको ह्रासको योभन्दा प्रस्ट उदाहरण के हुन सक्छ ? यो प्रवृत्ति क्रमिक रूपमा बढ्दै गयो । यतिखेर झन् भद्रगोल भएको छ । यद्यपि संविधान र संघीय प्रणाली जोगाउने नाममा वा राष्ट्रियता र विकास समृद्धिका नाममा गठबन्धन गरिएको तर्क दलहरूले सारे पनि यतिखेर वैचारिक र सैद्धान्तिक राजनीतिको पतन भएकै हो भन्नेमा दुईमत छैन । मधेशका मुद्दा स्थापित गर्न बनेका मधेशवादी दलहरूको अवस्था त झन् उदेकलाग्दो छ । प्रारम्भदेखि नै वैचारिक रूपमा कमजोर देखिएका मधेशवादी दलहरू राजनीतिमा टिक्नुको मुख्य आधार मधेशका मुद्दा थिए । तर अहिले ती मुद्दाहरू क्रमिक रूपमा कमजोर हुँदै गएका छन । पहिचान, पुहँच र प्रतिनिधित्वको सवाललाई लिएर गठन भएका मधेशवादी दलहरूको अस्तित्व नै संकटमा पर्ने खतरा छ । हिजोसम्म नेकपा एमालेलाई मधेशविरोधी देख्ने जसपा रातारात एमालेसित मिल्नुको कारण के होला ?

बालुवाटारबाट जसपा बाहिरिने बित्तिकै लोसपा रातारात प्रवेश गर्नुले मधेशवादी दलहरूको राजनीतिक हैसियतलाई उदांगो पारेको छ । बचे( खुचेको साख पनि सकिएको छ । राजनीतिक दलहरूमा व्याप्त यस्तो विचलनको जवाफ मतदाताले देलान् ?

कान्तिपुर

# कर्णालीमा खाद्य मापन प्रयोगशाला सञ्चालनमा

काठमाडौँ । कर्णाली प्रदेशमा पहिलोपटक खाद्यान्न तथा दुग्ध मापन प्रयोगशाला सञ्चालनमा आएको छ । खाद्य तथा अन्य दैनिक उपभोग्य वस्तुको गुणस्तर मापनका लागि नमूना परीक्षण कर्णालीमै गर्न सुर्खेतमा प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइएको हो । हालसम्म प्रयोगशाला नहुँदा काठमाडौँ पठाउनुपर्ने बाध्यता थियो । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले गत जेठदेखि प्रयोगशाला सञ्चालनमा ल्याएको हो । कार्यालयका निमित्त प्रमुख भेषबहादुर थापाले कर्णालीमै पहिलोपटक ल्याब स्थापनापछि खाद्य गुणस्तर मापनमा सहज भएको र उपभोक्ताको विश्वस्नीयता पनि बढेको जानकारी दिए । "हामीले कर्णालीमै पहिलोपटक खाद्य वस्तुको गुणस्तर मापनका लागि ल्याब स्थापना गरेका छौँ", उनले भने, "अहिलेसम्म हामीले दूध, तेल, सागपातलगायतका ९६ वटा नमूना परीक्षण गरिसकेका छौँ, यसले नागरिकको गुणस्तरीय खाद्यान्न प्रयोग गर्न पाउने अधिकारलाई सुनिश्चित गरेको छ ।" प्रयोगशाला स्थापनापछि खाद्यान्नप्रतिको नागरिकको गुनासो सम्बोधन हुँदै गएको उनले बताए । प्रयोगशालामा पर्याप्त जनशक्तिको अभाव देखिएको छ । ल्याब मात्र चलाउने नभई कार्यालयमा २१ जनाको दरबन्दी भएको उल्लेख गर्दै उनले अहिले आठ जनामात्रै कर्मचारी रहेको जानकारी दिए । "कर्मचारी अभावमा हामीलाई सेवा दिन असहज भइरहेको छ, यो समस्या चाँडै समस्या हुनुपर्छ ।"

कार्यालयले बजार अनुगमनलाई पनि तीव्रता दिएको छ । साउनदेखि असोजसम्म दुई सय ४८ पटक बजार अनुगमन गरिएको र मापदण्ड बाहिर रहेका तीनवटा दलहन उद्योग शिलबन्दी गरिएको छ । अहिले कार्यालयलाई प्रदेशभर हेर्ने जिम्मेवारी दिइएको भए पनि भौगलिक विकता, सीमित स्रोत, साधन र कर्मचारी अभावका कारण काम गर्न चुनौती रहेको थापाले बताए ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय सुर्खेतले आफ्नो तीन महिनाको प्रगति सार्वजनिक गरेको छ । बिहीबार कर्णाली प्रदेशको राजधानी सुर्खेतमा त्रैमासिक समीक्षा गर्दै आफ्नो तीन महिनाको प्रगति सार्वजनिक गरेको हो । जसअन्तर्गत कार्यालयले ४०.६७ प्रतिशत लक्ष्य पूरा गरेको जनाएको छ । कार्यालयका निमित्त प्रमुख थापाले कार्यालयले ४०।६७ प्रतिशत भौतिक प्रगति र ५६।६८ प्रतिशत वित्तीय प्रगति गरेको जानकारी दिए ।

यता माथिल्लो कर्णालीका तीन जिल्ला हेरिरहेको जुम्ला कार्यालयका प्रमुख डा ईश्वर सुवेदीले तीन महिनामा जुम्ला कार्यालयले बाँकी ६ पृष्ठमा

# प्रविधिसँगै फेरिएको विद्यार्थी जीवनशैली

मञ्जु भट्ट

यस वर्षको कक्षा १२ को परीक्षाफल प्रकाशित भएपछि परीक्षामा संलग्न जम्मा विद्यार्थी संख्याको ४८ प्रतिशत विद्यार्थी मात्रै पास वा उच्च शिक्षा पढ्न पाउने भए। बाँकी आधाभन्दा बढी ५२ प्रतिशत विद्यार्थी उच्च शिक्षा पढ्न अस्वीकृत ठहरिएको देखियो। दुई विषयमा नन ग्रेड ल्याएका ३६ प्रतिशत विद्यार्थी ग्रेड वृद्धि परीक्षामा सहभागी हुन पाउनेछन् तर ग्रेड वृद्धि परीक्षामा सहभागी हुन पनि उनीहरूले अन्य सबै विषयमा 'डी'भन्दा माथिल्लो ग्रेड प्राप्त गरेको हुनै पर्नेछ। यो वर्षको कक्षा १२ को नतिजा पनि २०७६ सालको जस्तै कमजोर ठहरिएको छ। ४ जीपीए ल्याउने विद्यार्थी अहिले पनि शून्य रहेका छन्। परीक्षाफल खस्किनुका कारण विभिन्न छन्। तल्लो कक्षादेखि नै भौतिक पूर्वाधारको अभाव, सोर्सफोर्स लगाएर करार, राहत, कोटामा भर्ना भएका शिक्षकको पढाउने शैली, विद्यार्थीको पढाइभन्दा बढी राजनीतिमा ध्यान भएका शिक्षक, शिक्षकबाटै परीक्षाको कापी जाँचमा त्रुटि हुनु, समयमा विद्यार्थीको हातमा पुस्तक नपर्नु, शैक्षिक सामग्रीको अभाव, प्रयोगशाला, कम्प्युटर ल्याब विद्यार्थीको पहुँचमा नहुनु, शिक्षण संस्थामा अनुगमनको अभाव, अभिभावकले आफ्ना छोराछोरीको पढाइमा चासो नदेखाउनु, चार महिनामा एकचोटि तलब पाउने तथा अन्य सरकारी कर्मचारीसरह तलब सुविधा नभएको शिक्षकहरूको असन्तुष्टि, सरकारीस्तरबाटै शैक्षिक क्षेत्रका लागि कम बजेट छुट्याइनुजस्ता कयौं कारणले सरकारी स्कुलको पढाइ खस्कँदै गएको छ। यसमा कोभिड पनि एउटा कारण हो नै।

शिक्षकले राम्रोसँग पढाएन भनेर दोष लगाएर मात्रै पनि हुँदैन। आजभोलिका विद्यार्थीले पढ्न कतिको जाँगर चलाउँछन् भन्ने पनि हो। विषयगत रूपमा हेर्ने हो भने अहिलेको कक्षा १२ को परीक्षाफलमा सबैभन्दा बढी अंग्रेजी, सामाजिक अध्ययन, नेपाली, बिजनेस स्टडिजलगायतका विषयमा बढी कमजोर रहेको देखिन्छ। घरमा पनि हातमा किताब समाएर पढ्नुपर्ने, भाषासम्बन्धी ज्ञान बढाउन नेपाली, अंग्रेजी विषयसँग सम्बन्धित कोर्सभन्दा बाहिरका अन्य पुस्तकालयका किताब पढ्ने बानी विद्यार्थीमा हराउँदै गएको पाइन्छ। अहिले सबैजसो निजी तथा धेरैजसो सरकारी स्कुलमा पुस्तकालयको व्यवस्था गरिएको छ। तर, पुस्तकालयबाट पुस्तक लिएर पढ्नेको संख्या एकदमै न्यून रहेको देखिन्छ। विज्ञान, गणित विषय लिएर पढ्नेहरू पहिलेदेखि नै मिहिनेती र पढाइमा अब्बल हुन्छन्। आफूले अप्ठ्यारा विषय पढ्न आँट गर्नेले मात्रै विज्ञान विषय लिएर पढ्छन्। आर्ट्स, म्यानेजमेन्ट लिएर पढ्ने कमजोर हुन्छन् नै भन्ने होइन। यो त आफ्नो रुचिको विषय हो। राम्रो पढ्नेहरू पनि आर्ट्सतिर गएको देखिन्छ। तर पनि, मिहिनेत गर्न डराउने धेरैजसो एसईईमा थोरै ग्रेड ल्याउनेहरूले कक्षा ११ मा पनि थोरै पढेर वा नपढीकनै पास हुन खोज्छन्।

घरघरमा टिभी, हातहातमा मोबाइल तथा कोठाकोठामा ल्यापटपको व्यवस्था हुन थालेदेखि विद्यार्थी पढाइमा कमजोर भएको देखिन्छ। अहिलेभन्दा १५/२० वर्षअगाडि जब कसैको घरमा पनि यस्ता विद्युतीय ग्याजेट हुँदैनथे। कुनै एक जनाले किनेको एउटा किताबलाई हातहात गरेर सबैले पढ्ने गर्थे। आफ्नो कोर्सका नेपाली, अंग्रेजीजस्ता किताब धेरैचोटि आफैं पनि विद्यार्थीले पढी सक्थे। पत्रिकाहरू पढ्न त्यतिकै हानथाप हुन्थ्यो। पढ्ने कुरा भेट्टाएपछि त्यसलाई नपढेसम्म चैन मिल्दैनथ्यो। ग्याजेटहरूमा भुल्ने बानी थिएन। घर, खेतमा आमाबुबासँग गएर धेरै सिप सिक्थे। हजुरआमाका कथा सुन्दै, किताबका पाना पल्टाउँदै पढाइ गरिन्थ्यो। घरमा आउने पाहुनाबाट आतिथ्य सत्कार सिक्थे। तर अहिले, विद्यार्थीले स्कुलबाट घर पुगेपछि कतिले त झोला नखोलेरै अर्को दिन स्कुल आउँछन्। कक्षा ६ देखि नै आफ्नै व्यक्तिगत मोबाइल, आफ्नै अन्डरमा ल्यापटप भएपछि विद्यार्थीलाई हातका औंला भाँच्दै गणितको हिसाब गर्न, विज्ञानको केमिकल रियाक्सन पढ्न, नेपालीका कालहरू पढ्नुभन्दा ओछ्यानमा सुतेर जंक फुड खाँदै मोबाइलमा गेम खेल्न धेरै आनन्द आउँछ। यस्तो बानी विद्यार्थीलाई तल्लो कक्षादेखि नै लाग्न थालेको छ। जसका कारण उनीहरू पढाइमा कमजोर हुँदै गएका छन्। जग नै कमजोर भइसकेपछि एकैचोटि कक्षा १० या १२ को परीक्षाफल राम्रो आउन सक्दैन। कक्षामा गरेका दुइटा गणितका सवालजस्तै घरमा पनि दुइटा सवाल विद्यार्थीले गर्नैपर्छ। होइन भने शिक्षकले बोर्डमा गराएको भरमा विद्यार्थी पास हुन सक्दैन। यसैगरी, विषयगत रूपमा राम्रो गर्न जुनसुकै विषय पनि विद्यार्थीले दोहोऱ्याइ, तेहऱ्याइ पढ्नै पर्छ। तर, साँच्चै भन्ने हो भने आजकलका धेरैजसो विद्यार्थी घरमा किताब नखोलीकनै स्कुल पुग्छन्। विद्यार्थीले आफूले पढ्न पाउने हकअधिकार मागेजस्तै आफ्नो पढ्ने कर्तव्य पूरा गर्न बिर्सन्छन्। परीक्षाको समयमा कक्षामा पुनरावृत्ति भएका पाठका प्रश्न मात्रै विद्यार्थीले हल गरेको भेटिन्छ। तर, केही अगाडि पढेका बिर्सिसकेका पाठ विद्यार्थीले घरमा आफैं पुनरावृत्ति नगरिदिँदा परीक्षामा हल नगरेको धेरै नै भेटिने गरेको छ। शिक्षकले दिएको सजिलो प्रश्नको किताब हेरेरै लेख्ने जाँगरसमेत कतिपय विद्यार्थीमा हुँदैन। यसकारण, सजिलो गृहकार्यसमेत घरमा नगरेको भन्दै अभिभावक तथा स्कुलबाट हैपिँदै आएका खासगरी निजी स्कुलका शिक्षकहरूले कहिलेकाहीँ रिसको झोकमा विद्यार्थी कुटेको पनि सुनिने गरिन्छ। शिक्षकले यसरी हिँड्नुपर्छ है भनेर सिकाइसकेपछि विद्यार्थीले हिँड्ने प्रयास गर्नुपर्छ। हुन त सबै विद्यार्थीले एउटै समयभित्र एउटै तरिकाले सिक्न सक्दैनन्। तर, कोसिस भने गर्नैपर्छ।

स्कुल पुगेपछि एउटा शिक्षकले पढाउँदा, अर्कै विषयको गृहकार्य गरेको, छोटो तथा लामो खाजा खाने ब्रेकमा पनि खाजा नखाई, नखेली आफूलाई डरलाग्ने शिक्षकले दिएको गृहकार्य गरेको अनेकौं पटक भेटिन्छ। घरमा किताब नखोल्नेहरूले स्कुलमा साथीको कापी तानेर गणितका हिसाबसमेत सारेको भेटिन्छ। आफूले बुझेर गर्नुपर्ने हिसाबलाई साथीको कापीबाट सार्दा पढाइमा कतिको प्रगति होला ? शिक्षकले सम्झाउँदैमा पढ्ने, गृहकार्य गर्ने विद्यार्थी कमै भेटिन्छन्। पढाइमा ध्यान दिनुभन्दा पनि विद्यार्थीहरूको आनीबानी, चालचलनमा परिवर्तन आएकै कारण अहिले कतिपय स्कुलले, सम्झाई, बुझाई गर्न, उनीहरूका समस्या पत्ता लगाउन र त्यसको समाधान उनीहरूबाटै खोज्न छुट्टै काउन्सिलर तथा डीआई राख्नसमेत बाध्य भएका छन्। काम नगर्नेलाई पहिलाको जस्तो भुइँमा राखेर गृहकार्य गराउन, पढाउन पनि मिल्दैन। गृहकार्य नगरेर स्कुल आउँदा शिक्षकले गृहकार्य गर्न सजायका रूपमा पुस्तकालयमा पठाएर गृहकार्य गर्न लगाए भने अर्को दिन स्कुलमै गृहकार्य गर्न पाइन्छ भनेर गर्नेले पनि नगरी आउँछन्। किन गृहकार्य नगरेको, पढेर नआएको भन्नबाहेक शिक्षक पनि निरीह बनेका हुन्छन्। शिक्षक कक्षामा जति एक्टिभ भए पनि कतिपय विद्यार्थीको मन अन्तै भइदिँदा उनीहरूको पढाइमा प्रगति भएको देखिँदैन।

स्कुलमा आफ्ना सन्तानका 'दयगतमा बुझ्न आउने धेरैजसो अभिभावकका अनुसार आफ्ना सन्तानलाई मोबाइलबाट टाढा राख्न नसकिएको गुनासो रहेको हुन्छ। गृहकार्य गर्दा, एकातिर ल्यापटपमा गीत सुनेर बस्ने, कोठामा चुक्कुल लगाएर पढ्दै छु भन्ने, गृहकार्य सकेपछि मोबाइल चलाउन पाइन्छ भन्दै काम नगरी काम सकिएको भन्ने वा हतारमा मनपरि गृहकार्य गर्ने गरेको अभिभावक सुनाउँछन्। यसमा अभिभावकले आफूमा पनि सुधार ल्याउनुपर्ने देखिन्छ। धेरैजसो अभिभावक आफैं मोबाइलमा व्यस्त भइदिँदा आफ्ना सन्तानको पढाइ'दयगत ध्यान दिँदैनन्। उनीहरूले गृहकार्य गरे नगरेको, पढेनपढेको केही पनि मतलब गर्दैनन्। कतिपय अभिभावक बिहानै काममा निस्कने तथा राति घर फर्किने हुँदा छोराछोरीलाई समय दिन नसकेको बताउँछन्। पसल, व्यापार गर्नेहरूले आफ्ना छोराछोरीलाई भनेजति समय दिन सक्दैनन्। सानैदेखि विद्यार्थीको जग कमजोर भइदिँदा एकैचोटि कक्षा १० या १२ गएर उसले राम्रो गर्न सक्दैन।

दिनको सात घण्टा मात्रै विद्यार्थीले स्कुलमा बिताउँछन्। बाँकी सबै १८ घण्टा उनीहरूले घरमै बिताउँछन्। शनिबार, दसैं, तिहार, गर्मी, जाडोजस्ता अन्य सार्वजनिक बिदामा पनि विद्यार्थीहरू घरमै हुन्छन्। यदि विद्यार्थीहरूले स्कुलमा पढाएको कुरालाई घर गएर पुनरावृत्ति नगर्ने हो भने यस्ता बिदामा घरमा बस्दा सबै बिर्सन्छन्। हुन त शिक्षकहरूले विद्यार्थीले पढाएको नबिर्सिऊन् भनेर गृहकार्यसमेत दिएका हुन्छन्। तर, धेरैजसोले गृहकार्य नै गर्न खोज्दैनन् भने पुनरावृत्ति हुँदैन। विद्यार्थीको पढाइ खस्कँदै गएको विद्यार्थी स्वयं, स्कुल, कलेज, अभिभावक तथा शिक्षाविद्ले पनि अनुभव गरिरहेका छन्। सबैभन्दा पहिले अहिलेका विद्यार्थीलाई पढाइ नसकुन्जेल यौनहिंसा, कुलतमा फसाउने,

बाँकी ६ पृष्ठमा

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी
एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।
दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :


१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।
ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :


१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।
"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## रामेछापका पत्रकारलाई निर्वाचन आचारसंहिताको विषयमा अभिमुखिकरण

जिल्ला निर्वाचन कार्यालय रामेछापले निर्वाचन आचारसंहिताको विषयमा मिडिया अभिमुखिकरण कार्यक्रम गरेको छ। निर्वाचनलाई स्वच्छ, स्वस्थ, निश्पक्ष र विश्वसनिय बनाउन उक्त कार्यक्रम गरेको हो। कार्यक्रममा सहभागी जिल्लाका पत्रकारहरुलाई जिल्ला निर्वाचन कार्यालय रामेछापका प्रमुख मधुकर कुमार शाहले निर्वाचनमा पत्रकारले पालना गर्नुपर्ने आचारसंहिताका बारेमा जानकारी गराउनुभएको थियो।

आगामी मंसिर ४ गते हुन लागेको प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनलाई लक्षित गरेर जिल्ला निर्वाचन कार्यालय रामेछापले पत्रकारलाई प्रशिक्षण दिएको हो। निर्वाचनलाई स्वच्छ, निश्पक्ष र विश्वसनिय बनाउन आयोगले निर्वाचन आचारसंहिता २०७९ जारी गरिसकेको छ। उक्त अभिमुखिकरण कार्यक्रममा बोल्दै रामेछापका मुख्य निर्वाचन अधिकृत एवं जिल्ला न्यायधिस ईन्दिरा शर्माले आचारसंहिताको अधिनमा रहेर रिपोर्टिङ गर्न पत्रकारहरुलाई आग्रह गर्नुभयो। उहाँले निर्वाचनलाई निश्पक्ष र विश्वसनिय बनाउन पत्रकारको भूमिका निकै महत्वपूर्ण हुने भन्दै मतगणनाको बेला मिडियाका लागी छुट्टै सुचना डेस्कको स्थापना गर्ने प्रबन्ध मिलाइने बताउनुभयो। कार्यक्रममा रामेछापका सहायक प्रमुख जिल्ला अधिकारी अनुस कुमार घिमिरेले चुनावका समयमा पत्रकारहरुले सत्य,तथ्य र निश्पक्ष रुपमा कलम चलाउनुपर्ने भन्दै कुनै पनि दल तथा उम्मेदवारको पक्ष विपक्षमा समाचार सम्प्रेषण नगर्न अनुरोध गर्नुभयो। कार्यक्रममा रामेछाप जिल्लामा क्रियासिल पत्रकारहरुको उपस्थिती रहेको थियो।

## विश्व किर्तिमान कायमै राख्दै रामेछापका युवा लक्ष्मण सेन्चुरी

रामेछाप। रामेछाप मन्थली नगरपालिका-१ मन्थली निवासी लक्ष्मण सेन्चुरीले कठिन र दुर्लभ मानिएको काम गरेर विश्व किर्तिमान कायम गर्ने प्रयासमा अघि बढेका छन्। निरन्तर तरिकाले खुट्टाले वल च्यापेर उल्टी जम्प गर्ने यो दुर्लभ र जोखिम पूर्ण खेल उनले २० सेकेन्डमा पार गरेर अहिलेसम्म कायम गरिएको रेकर्ड तोडेका छन्।

सदरमुकाम मन्थलीको जिसस भवन प्राङगनमा सोमवार आयोजित एक कार्यक्रमकोबीच सेन्चुरीले २० सेन्केन्डमा खुट्टाले वल च्यापेर ११ पटक जम्प गरेका छन्। गिनिज वुकमा नाम लेखेर विश्व कृतिमान राख्दै नेपालको गौरवतालाई बृद्धि गर्ने उद्देश्यका साथ आफु विगत देखिनै यस खेलमा लागेको उनले वताए। उनले हालसम्म गिनिज बुकमा यस्तो खेलमा १० पटक सम्म उल्टी जम्पको रेकर्ड रहेकोमा आफूले तोडदै ११ पटक कायम गरेको सेन्चुरीले रामेछाप न्युजलाई बताए। उनले आफूले कायम गरेको रेकर्डको भिडियो गिनिज बुकको वेभसाइटमा अपलोड गरेपछि रेडर्कको प्रमाणपत्र पाउने बताए।

## रामेछापमा नमूना मतदान, कसरी गर्ने चार थरी मतपत्रमा मतदान ?

रामेछाप। आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको लागि रामेछापमा नमूना मतदान गरिएको छ। आज सदरमुकाम मन्थलीको जिल्ला समन्वय समितिको मैदानमा नमूना मतदानमा कार्यक्रम सम्पन्न भएको हो। जमूना मतदान केन्द्रबाट मतपेटिका खोसिएको वा लुटिएको अवस्थामा प्रहरी तथा अन्य निकायले पालना गर्नुपर्ने आवश्यक भुमिकाका बिषयमा जनकारी सहितको नमुना मतदान गरिएको छ। जिल्ला निर्वाचन अधिकारी मधुकर साहले मतदान स्थलमा हुन सक्ने सम्भावित घटना र मत बदर हुनेबाट रोक्नका लागि नमूना मतदान गरिएको बताए।

नमुना मतदान कार्यक्रममा रामेछापका प्रमुख जिल्ला अधिकारी शोभाखर रेग्मी, मुख्य निर्वाचन अधिकृत इन्दिरा शर्मा, सुरक्षा निकायका प्रमुखहरु, राजनीतिक दलका प्रतिनिधिहरु लगायतको सहभागीता रहेको थियो। प्रजिअ रेग्मीले मतदानका क्रममा आईपर्ने समस्या तथा अप्ठ्याराहरुको समाधानसहितको नमूना अभ्यास गरिएको बताए। आगामी निर्वाचनमा चार वटा मतपत्र हुनेछ। प्रत्यक्ष तर्फ प्रतिनिभिसा र प्रदेशसभा, समानुपातिकतर्फ पनि प्रदेशसभा तथा प्रतिनिधिसभा सहित मतदाताले ४ वटा मतपत्रमा मतपेटिका खसाल्नुपर्नेछ। जिल्लाको आठ वटा स्थानीय तह र ६४ वटा वडामा गरी ९६ वटा मतदान स्थल र २२६ वटा मतदान केन्द्र कायम गरिएको छ। रामेछापबाट कुल १ लाख ८० हजार मतदाता रहेका छन्।

## २२६ मतदान केन्द्रमा जिम्मेवारी तोक्यो

रामेछाप। जिल्ला निर्वाचन कार्यालय रामेछापले निर्वाचनमा खटिने कर्मचारीको खटन पटन गरेको छ। सोमबार जिल्ला निर्वाचन कार्यालय रामेछापले मुख्य निर्वाचन अधिकृत एवं जिल्ला न्याधिश इन्दिरा शर्माले छनोट गरेका मतदान अधिकृत र कर्मचारीलाई जिल्लाका ९६ वटा मतदान स्थल २२६ मतदान केन्द्रमा जिम्मेवारी तोकेकी हुन्। उनीहरूले आउँदो मंसिर ४ गते हुने निर्वाचनलाई सफल पर्नु पर्ने छ। मंसिर ४ गते हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ को लागि आवश्यक पर्ने मतदान अधिकृत र कर्मचारीलाई छनौट गरिएकोले जिल्ला निर्वाचन कार्यालय रामेछापले सूचना जारी गर्दै जानकारी दिएको हो।

तीव्र गतिमा चुनावी गतिविधिमा केन्द्रित जिल्ला निर्वाचन र मुख्य निर्वाचन अधिकृतको कार्यालय रामेछापले आज सोमबार कर्मचारी खटाउने देखि मतदान केन्द्रको लागि आवश्यक सबै सामाग्री तयार पारेको जिल्ला निर्वाचन कार्यालय रामेछापले जानकारी दिएको छ।

एक प्रतिनिधिसभा सदस्य र दुई वटा प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र रहेको रामेछापमा ९६ वटा मतदान स्थल र २२६ मतदान केन्द्र कायम गरिएको छ।

निर्वाचनमा जिल्लाका एक लाख ८३ हजार ३०९ जना मतदाताले भोट हाल्दै छन्।

# सिद्धार्थ बैंकको भिसा रेमिटेन्स सेवाको सुरुवात

सिद्धार्थ बैंकले रेमिट्यान्स सेवालाई सरल, सहज र सुरक्षित बनाउने उद्देश्यले भिसा इन्टरनेसनलसँगको सहकार्यमा 'भिसा रेमिटेन्स' सेवाको सुरुवात गरेको छ।

नयाँ सेवा मार्फत विश्वका १८० भन्दा बढी देशबाट स्वदेशी तथा विदेशी ग्राहकहरुले आफ्ना परिवार, आफन्त तथा साथीहरुलाई छिटो तथा सुरक्षित तरिकाले




रकम पठाउन सक्ने छन्। स्वदेशी तथा विदेशी ग्राहकहरुले भिसा रेमिटेन्स सेवामा आबद्ध भएका बैंकहरुको मोबाइल/इन्टरनेट बैंकिङ्ग तथा रेमिट्यान्स कम्पनीहरू मार्फत भिसा कार्डको १६ अंकको नम्बर प्रयोग गरी उक्त रकम पठाउन सक्नेछन्।

यसरी 'भिसा रेमिटेन्स' सेवा मार्फत पठाइएको रकम सिद्धार्थ बैंकले जारी गरेको भिसा डेबिट (लिंक गरिएको बैंक खातामा) तथा क्रेडिट कार्डमा सोझै प्राप्त गर्न सक्न छन्। यस सेवाले गर्दा ग्राहकवर्गहरुको रेमिट्यान्स सेवा अझ छिटो, सुरक्षित र सुविधाजनक रहने विश्वास बैंकले लिएको छ। बैंकका देशभर १९३ वटा शाखा (४ एक्स्टेन्सन् काउन्टर सहित), ११८ शाखारहित बैंकिङ्ग सेवा, १,७०० भन्दा बढी पिओएस् मेसिन र २०,००० भन्दा बढी क्युआर मर्चेन्ट मार्फत सेवा प्रदान गर्दै आएको छ।

# लुम्बिनी विकास बैंक र नेशनल प्याब्सन मधेश प्रदेश समितीबीच सम्झौता

लुम्बिनी विकास बैंक र राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएसन नेपाल (नेशनल प्याब्सन) मधेश प्रदेश समिति बिच सेवा सुविधा आदानप्रदान गर्ने सम्झौतामा हस्ताक्षर सम्पन्न भएको छ। सो सम्झौता अनुसार नेशनल प्याब्सन मधेश प्रदेश सँग आबद्ध विद्यालयमा कार्यरत शिक्षक, शिक्षिका र कर्मचारीहरु लाइ दुर्घटना बिमा साथै स्वास्थ्य बिमा सुविधा प्रदान गर्ने सम्झौता




भएको छ। सो सम्झौता पत्रमा बैंकको तर्फबाट नायब प्रमुख कार्यकारी अधिकृत उमेश रेग्मी र नेशनल प्याब्सन मधेश प्रदेश समितीको तर्फबाट प्रदेश अध्यक्ष डा. नन्दन यादवले हस्ताक्षर गरे। सो कार्यक्रममा बैंकका मधेश प्रदेश प्रमुख मोहन राज गिरी, नेशनल प्याब्सन मधेश प्रदेश समितीका प्रदेश सचिव जितेन्द्र प्रसाद यादव, सह सचिव के. एस. फिजिसियन, सदस्यहरु मालती कुमाल, विजय यादव, बसन्त ढकाल, चन्दन यादव, पर्सा जिल्ला अध्यक्ष राम कुमार श्रेष्ठ, सचिव प्रमोद सहनि, कोषाध्यक्ष राजेश लिम्बु, सोना लाल पटेल, उत्तम गुप्ता लगायत , अन्य महानुभावहरुको समेत उपस्थिति रहेको थियो।

लुम्बिनी विकास बैंक लिमिटेडको हाल देशका सातवटै प्रदेशमा गरी ८६ वटा शाखाहरु सञ्चालनमा रहेका छन् भने निकट भविष्यमा काठमाडौं उपत्यकामा थप तिन शाखाहरु जसमा काठमाडौंको नेपालटार, ललितपुरको इमाडोल, भक्तपुरको कमलविनायक तथा ललितपुरको लेलेमा एक एक्स्टेन्सन काउन्टर खोल्ने प्रकृयामा रहेको छ। यस लुम्बिनी विकास बैंक लिमिटेडले निरन्तर सहयात्रा भन्ने नाराका साथ आफ्ना ग्राहक महानुभावहरुलाई उच्चस्तरीय, आधुनिक एवं नविनतम प्रविधिहरु सहितको सुरक्षित बैंकिङ्ग सेवा प्रदान गर्दै आईरहेको छ। ग्राहकहरुलाई अधिकतम प्रतिफल दिने उद्धेश्यले बैंकले मुद्दती खातामा मासिक रुपमा ब्याज प्रदान गर्ने विशेष योजना समेत कार्यान्वयनमा ल्याएको छ।

# कुमारी बैंकको वार्षिक साधारण सभाः १२.५० प्रतिशत नगद लाभांश दिने प्रस्ताव पारित

कुमारी बैंकको २२औं वार्षिक साधारण सभाले कर प्रयोजनसहित चुक्ता पूँजीको १२.५०% नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ। सोमबार सम्पन्न बैंकको साधारण सभामा पेस गरिएको आव २०७८/७९ को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन सहित आव २०७८/७९ असार मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब लगायतका वित्तीय विवरण प्रस्ताव पेस गरेको छ। यस्तै, आव २०७९/८० को लागि बाह्य लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने प्रस्ताव पनि पारित गरेको छ। बैंकका २३३ सेवा केन्द्रहरु (१९९ शाखा र ३४ एक्स्टेन्सन काउण्टर) तथा १९५ वटा एटीएमबाट सेवा दिइरहेको छ। बैंकको आव २०७८/७९ मा चुक्ता पूँजी १४ अर्ब ७१ करोड रुपैयाँ भन्दा बढी छ। आव २०७९/८० को प्रथम त्रैमाससम्म निक्षेप १ खर्ब ७३ अर्ब र कर्जा, सापटी तथा अधिविकर्ष १ खर्ब ६१ अर्ब तथा नाफा १ अर्ब १४ लाख रुपैयाँ छ। कुमारी बैंक लिमिटेडका २३३ सेवा केन्द्रहरु (१९९ शाखा र ३४ एक्सटेन्सन काउण्टर) तथा १९५ वटा एटीएमहरु मार्फत ग्राहकहरुलाई विविध प्रकारका नवीनतम् एवं आधुनिक उत्पादन र सेवा प्रदान गर्दै आएको, प्रदान गर्ने सेवामा आधुनिक प्रविधिको प्रयोगबाट वित्तीय बजारमा विशिष्ट स्थान बनाउन सफल भएको, भिसा इलेक्ट्रोन, डलर डेबिट कार्डहरु नेपाल, भारत र संसारभरि नै भिसाको संजाल मार्फत पहुँचगम्य भएको, साथै नवीनतम् प्रविधिको उपयोग गर्दै कुमारी फोनपे कर्जा सेवा प्रदान गर्दै आएको छ।

# महालक्ष्मी र कलेजहरुबीच साझेदारी पत्रमा हस्ताक्षर

'सबल बैंक, सफल सहकार्य' को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा विगत २८ वर्ष देखि अनवरत रुपले सरल, सहज र गुणस्तरिय वित्तीय सेवा प्रदान गर्दै आइरहेको महालक्ष्मी विकास बैंक लिमिटेडले शैक्षिक क्षेत्रसँग समन्वय गरी अगाडि बढ्ने अभिप्रायका साथ हिमालयन ह्वाइट हाउस इनटरनेशनल कलेज र शुभश्री कलेज अफ म्यानेजमेन्ट सँग सम्झौता गरेको छ। हिमालयन ह्वाइट हाउस इनटरनेशनल कलेजमा आयोजित एक विशेष कार्यक्रमकाबीच सम्झौता पत्रमा कलेजका तर्फबाट प्रध्यानाध्यापक तोयनाथ पौडेलले र बैंकका तर्फबाट मानव संशधन विभागका प्रमुख विशाल राज




कार्कीले हस्ताक्षर गर्नुभएको छ। त्यसैगरी शुभश्री कलेज अफ म्यानेजमेन्टमा आयोजित एक विशेष कार्यक्रमका बीच सम्झौता पत्रमा कलेजका तर्फबाट प्रध्यानाध्यापक मनिता ओलीले र बैंकका तर्फबाट मानव संशधन विभागका प्रमुख विशाल राज कार्कीले हस्ताक्षर गर्नुभएको छ। उक्त सम्झौता पश्चात बैंकले कलेजका विद्यार्थीहरुका लागि छात्रवृतिको अवसर, रोजगार मेला, वित्तीय साक्षरता लगायत अन्य कार्यक्रमहरु प्रदान गर्नेछ। यस किसिमको सहकार्यबाट कलेजका विद्यार्थीहरु लाभान्वित हुने विश्वास बैंकले लिएको छ। यसका साथसाथै डिजिटल युगसँग नेपाली जनतालाई साक्षात्कार गराउने उद्देश्यले बैंकले विभिन्न शाखाहरुबाट वित्तीय जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्दै आएको छ।

# ग्लोबल आइएमई बैंकका ग्राहकलाई दराज ११:११ मा २० प्रतिशत छुट

ग्लोबल आइएमई बैंक लिमिटेडका ग्राहकहरुले लोकप्रिय अनलाइन सपिङ्ग प्लेटफर्म दराजले सार्वजनिक गरेको दराज ११:११ अफरमा २० प्रतिशतसम्म छुट पाउने भएका छन्। यस योजनाअन्तर्गत ग्राहकहरुले ग्लोबल आइएमई बैंकको भिसा डेबिट वा क्रेडिट कार्ड प्रयोग गरी दराज अनलाइनमार्फत सामान खरिद गर्दा १५ देखि २० प्रतिशतसम्म छुट पाउनेछन्। बैंकको डेबिट कार्ड प्रयोगकर्ताहरुले १५ प्रतिशत वा २,५०० रुपैयाँसम्म र क्रेडिट कार्ड प्रयोगकर्ताहरुले २० प्रतिशत वा ३,००० रुपैयाँसम्म छुट पाउनेछन्। छुट पाउनका लागि बैंकको कार्ड बाहक ग्राहकहरुले दराज एपापबाट ग्लोबल आइएमई बैंकको छुट भौचर लिनुपर्नेछ। यो योजना नोभेम्बर ११ देखि सिमित अवधिको लागि रहनेछ। आफ्ना ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले विभिन्न किसिमका समयसान्दर्भिक योजनाहरु ल्याएर ग्राहकहरुलाई लाभान्वित गर्दै आएको छ। ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। बैंकले २९२ शाखा, २७० एटिएम, २७५ शाखा




रहित बैंकिङ्ग सेवा, ५१ एक्स्टेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा वैदेशिक प्रतिनिधि कार्यालय समेत गरी ८९० भन्दा बढी सेवा केन्द्रबाट ३० लाखभन्दा बढी ग्राहकहरू माझ सेवा प्रदान गर्दै आएको छ। त्यसैगरी, बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुर्याउँदै आएको छ।

# सिटी एक्सप्रेसको दोस्रो विजेता गुरुङले जितिन् एक तोला सुन

सिटी एक्सप्रेस मनी ट्रान्सफरले 'विदेशबाट सिटी आयो, दसैं तिहारलाई गोल्डेन बनायो' योजना अन्तर्गत दोस्रो महिनाको १ तोला सुन विजेताको नाम घोषणा गरेको छ। कम्पनीले विद्युतिय प्रणालीद्वारा विजेता छनौट गर्दा युकेबाट रेमिटान्स पठाउने नुना गुरुङले १ तोला सुन जित्न सफल भएकी छिन्। सोही योजना अन्तर्गत १२ असोजदेखि १५ कात्तिकसम्म दोस्रो चरणको अन्य पाँच जनाले साप्ताहिक उपहार १०/१० तोला चाँदी जित्न सफल भएका छन्। साउदी अरबबाट अजय तामाङ, कोरियाबाट रविन्द्र मानन्धर, कुवेतबाट सुनिता दराई, इराकबाट सुशीला तामाङ साथै कुवेतबाट रेमिटान्स पठाउने हसन मोहम्मद गरी ५ जनाले १०/१० तोला चाँदी जित्न सफल भएका छन्। सिटी एक्सप्रेस मनी ट्रान्सफरले १५ भदौमा दसैं, तिहार र छठलाई लक्षित गर्दै ग्राहकसँग पर्वको खुशी साट्न लगातार ६३ दिनसम्म चल्ने 'विदेशबाट सिटी आयो, दसैं तिहारलाई गोल्डेन बनायो' उपहार योजना घोषणा गरेको थियो। सोही योजना अन्तर्गत लक्की ड्रमार्फत हरेक महिना १ जनालाई १ तोला सुन, हरेक हप्ता १ जनालाई १० तोला चाँदी साथै ६३ दिन लगातार हरेक दिन १६ जना विजेताहरुलाई आकर्षक गिफ्ट ह्याम्पर र अन्त्यमा एक जना भाग्यशाली बम्पर विजेतालाई ५ तोला सुन उपहार प्रदान गरिने छ।

## अर्थ संसार

# फोनपेमा मर्चेन्टको संख्या १० लाख पुग्यो

काठमाडौं। भुक्तानी प्रणाली सञ्चालक फोनपेका क्यूआर मर्चेन्ट संख्या १० लाख नाघेको छ। कारोबारलाई क्यासलेस बनाउने योजना अनुसार 'नगद छोडौं, फोनपे गरौं' भन्ने नारासहित तीन वर्ष अगाडि स्थापना भएको फोनपेमा व्यवसायीको आकर्षण बढ्दै गएको छ। फोनपे नेटवर्कमार्फत् हाल दैनिक ४ अर्ब बढीको कारोबार हुने गरेको कम्पनीले दाबी गरेको छ।




फोनपेका प्रमुख कार्यकारी अधिकृत दिवश सापकोटाले नगद कारोबारलाई कमी गर्दै डिजिटल रफ्तार दिन प्रयासरत रहिरहने प्रतिबद्धता जनाउनुभयो। उहाँले भन्नुभयो 'अर्थतन्त्रलाई डिजिटल बनाउन नगदरहित समाजको जुन परिकल्पनाका साथ यसको सुरुवात गरेका थियौं, छोटो समयमै मर्चेन्टको संख्या १० लाख पुग्दा हामी थप उत्साहित भएका छौं।' आगामी दिनमा डिजिटल कारोबारलाई बढवा दिन मर्चेन्ट र ग्राहकलाई थप परिष्कृत सेवा दिँदै जाने उहाँले बताउनुभयो।

नेपाल राष्ट्र बैंकबाट भुक्तानी प्रणाली सञ्चालकको अनुमति प्राप्त फोनपे सर्भिस लिमिटेड एफवान सफ्ट रुपको सहायक कम्पनी हो। फोनपेमा अहिले ६० भन्दा बढी बैंक तथा वित्तीय संस्था आबद्ध छन्। एक करोड ७० लाख भन्दा धेरै मोबाइल बैकिङ्ग प्रयोगकर्ता तथा भुक्तानी प्रणाली सेवा प्रदायकका मोबाइल एप्समार्फत् फोनपेले सेवा पुर्याउँदै आएको छ।

# साङ्ग्रिला डेभलपमेन्ट बैंक लि.र दराज प्रा.लि.बीच सम्झौता

काठमाडौं। साङ्ग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले २०७८ कात्तिक २० गते आइतवारको दिन दराजसँग ११.११ अवसरमा अनलाइन सपिङ्ग गर्दा छुट प्रदान गर्ने सम्वन्धी सम्झौता गरेको छ। बैंकका ग्राहकहरुले दराजबाट अनलाइन सामान खरिद गरी अनलाइनबाटै भुक्तानी गर्दा १५% सम्म छुट प्राप्त गर्न सक्नेछन्। उक्त सम्झौतापत्रमा बैंकका तर्फबाट प्रमुख सञ्चालन




अधिकृत अपूर्व प्रसाद जोशी र दराजका तर्फबाट डिजिटल पेमेन्ट पार्टनर सीप प्रमुख अरुण फुयाँलले हस्ताक्षर गरेका छन्।

बैंकमा खाता रहेका ग्राहकहरुले दराजद्धारा संचालित ११.११ को अवधिमा अनलाइन सामान खरिद गर्दा डेबिट कार्ड मार्फत अग्रिम भुक्तानीमा अधिकतम १५% वा रु २,५०० सम्मको छुट प्राप्त गर्न सक्नेछन्। उक्त छुट प्राप्त गर्नको लागि ग्राहकहरुले आफ्नो कार्डमा ई-कमर्स सक्रिय गर्नुपर्छ। ग्राहकहरुलाई आफ्नो कार्डमा ई-कमर्स सक्रिय गर्न र डेबिट कार्डको लागि आजै आवेदन दिन अनुरोध गरिन्छ। यस सम्झौताको मुख्य उद्देश्य बैंकका ग्राहकहरुलाई सजिलोसँग घरमै बसी अनलाइनबाटै सामान खरिद र भुक्तानी गर्दा छुट प्राप्त गर्न सकिने अवसर प्रदान गर्नु हो। माथि उल्लिखित पूर्व भुक्तानी छुटहरु अभियानको अवधिमा सीमित अवधिको लागि मात्र प्राप्त हुनेछ। तसर्थ यस सम्झौताले विशेष छुट उपलब्ध गराउने हुँदा ग्राहक महानुभावहरुलाई विशेष सहयोग पुग्ने विश्वास साङ्ग्रिला डेभलपमेन्ट बैंकले लिएको छ।

# नेपाल बैंक दुहबी शाखाको नवनिर्मित भवन उद्घाटन

काठमाडौं। नेपालको पहिलो बैंक नेपाल बैंक लिमिटेडले दुहबी शाखाको नवनिर्मित भवनको समुद्घाटन गरि आफ्नो सेवा सुरु गरेको छ। नेपाल बैंक दुहबी शाखाको शाखा प्रबन्धक राम भुषण सिंहको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा प्रमुख अतिथिको रुपमा दुहबी नगरपालिकाका प्रमुख (मेयर) वेद नारायण गच्छदार, विशिष्ट अतिथि मनमोहन प्राविधिक विश्वविद्यालयका रजिष्ट्रार डा.दिननाथ फुयाल तथा नेपाल बैंक लिमिटेड प्रादेशिक कार्यालय प्रदेश नं. ०१ का प्रमुख मुख्य प्रबन्धक सुर्य प्रकाश भट्ट रहनु भएको कार्यक्रममा अतिथिको रुपमा नेपाल बैंक लिमिटेड सि.अ.विराटनगर, ईटहरी, बजारअड्डा, विराटचोक, धरान, झुम्का, मिल्स एरिया, टंकिसिनवारी शाखाका शाखा प्रबन्धकहरुको समेत उपस्थिति रहेको थियो भने नेपाल बैंक लिमिटेडका ग्राहकहरु, दुहबी उद्योग वाणिज्य संघका प्रतिनिधिहरु, उद्योगी व्यवसायी तथा दुहबी शाखाका कर्मचारीहरुको उपस्थिति रहेको थियो। कार्यक्रमका प्रमुख अतिथि दुहबी नगरपालिकाका प्रमुख (मेयर) वेद नारायण गच्छदारले हालको वित्तीय अवस्था तथा वित्तीय बजारमा रहेको जल्दा बल्दा विषयको बारेमा चर्चा गर्दै नेपाल बैंक नेपालको पहिलो बैंक रहेको तथा दुहबी शाखा पनि यस क्षेत्रको अग्रणी बैंक रहेको साथै नयाँ भवन मार्फत अझ उत्कृष्ट सेवा प्रदान गर्नको लागि शुभकामना व्यक्त गर्नु भएको थियो। नेपाल बैंक १ नं. प्रदेश कार्यालयका प्रमुख सुर्य प्रकाश भट्टले बैंकले हाल उपलब्ध गराएको सेवा सुविधा नेपाली बैंकहरुमा प्रतिस्पर्धी रहेको उल्लेख गर्दै छिटो, छरितो तथा अब्बल सेवा प्रवाह गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक



# प्रवर्द्धन र विविधीकरणको पर्खाइमा पर्यटन व्यवसाय

**विष्णुप्रसाद खनाल**

पर्यटन पर्यटकको माध्यमबाट सञ्चालन गरिने व्यवसाय हो । पर्यटक भन्नाले विदेशी मुलुकबाट भ्रमणका लागि नेपाल राज्यमा आउने गैरनेपाली नागरिक सम्झनुपर्छ र नेपाली पर्यटक भन्नाले नेपाल राज्यको एक स्थानबाट अर्को स्थानमा भ्रमण गर्ने पर्यटक सम्झनुपर्छ भनी पर्यटन ऐन २०३५ ले परिभाषित गरेको छ । मानिस सभ्यताको सुरुवातदेखि टाढाटाढासम्म यात्रा गर्दै आइरहेको छ । खासगरी सन् १९६३ देखि सन् १९७३ सम्मको ३० वर्षको अवधिमा यात्राको क्षेत्रमा भएको प्रगति उल्लेखनीय मानिन्छ । पर्यटकले आफ्नो यात्राको क्रममा आफ्नो भाषा, खर्च व्यवस्थापन, चालचलन, रीतिरिवाज तथा अन्य पक्षमा समेत प्रभाव पारेको हुन्छ, जुन मानवीय जीवनशैलीको एउटा आधार भूत आयाम पनि हो ।

खानपान, व्यवहार, वेशभुषा, संस्कृति, संस्कार तथा विविध आयाममा मानिस सधैं रूपान्तरण र परिवर्तन चाहन्छ र त्यो रूपान्तरण खासगरी सांस्कृतिक, सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिकजस्ता पक्षको सुधारको कारणले हुने गर्छ । विभिन्न रीतिरिवाज, चालचलन, भाषा, संस्कृति र अन्य पक्षको मिश्रणले मानिसका जीवनका आयामहरूमा सुधार ल्याउने गर्छ । पर्यटन आफैंमा एक जीवन परिवर्तनको आधार हो, जुन नेपालको आयस्रोतको मूख्य स्रोत पनि हो । पर्यटकीय स्थलहरू सर्वोच्च शिखर सगरमाथा, लुम्बिनी र जनकपुर सहित विभिन्न धार्मिक स्थल, खासगरी, पशुपतिनाथ, मुक्तिनाथ, देवघाट, त्रिवेणी, बराहक्षेत्र नेपालमा पर्यटकका लागि गन्तव्य स्थल हुन् । नेपालमा रहेका भाषाभाषीको संस्कृति, रीतिरिवाज, चालचलन, र संस्कारले अनुसरण र आदानप्रदानले सबै जाति तथा समुदायको जीवनशैलीमा परिवर्तन आउने गर्छ । जुन सामाजिक, सांस्कृतिक रूपमा धनी नेपालको गहना पनि हो । विदेशी पर्यटकलाई आकर्षण गर्ने सवालमा विश्वका ८ हजार मिटर भन्दा माथिका १४ वटा हिमालमध्ये आठवटा नेपालमै पर्ने भएकाले नेपालमा पर्यटनको प्रचुर सम्भावना रहेको देखिन्छ । नेपालमा सन् १९५० जुन ३ मा फ्रान्सेली दलले अन्नपूर्ण प्रथम ( ८०९१ मिटर) आरोहण गरी विश्वकीर्तिमानी कायम गरेको थियो । त्यसपछि, सन् १९५३ मे २९ मा सगरमाथा (८८४८ मिटर), सन् १९५५ मा मकालु ( ८४८५ मिटर) र सन् १९५५ मे २५ मा मनास्लु(८१६३ मिटर ) र सन् १९६० मे १३ मा धौलागिरी ( ८१६७ मिटर) आरोहणसँगै नेपालमा पर्यटनको ढोका खुलेका हो । पर्यटक तथा आरोहीहरूले नेपाललाई विश्वसामु चिनाउने मात्रै काम गरेनन्, उनीहरूले नेपालमा युरोपेली संस्कार, भाषा, धर्म र चालचलन पनि छाडेर गए । जसले गर्दा नेपाली जीवनशैलीमा परिवर्तन आयो । आर्थिक वर्ष २०७८/८९ को आर्थिक सर्वेक्षणअनुसार सन् २०२० मा पर्यटक आगमन करिब ८१ दशमलव शून्य प्रतिशतले घटेर २ लाख ३० हजार ८५ मात्र रह्यो र सन् २०२१ मा विदेशी पर्यटकबाट प्राप्त भएको विदेशी मुद्रा आर्जन १३ अर्ब ५० करोड ११ लाख रुपियाँ रहेको छ । सन् २०२१ मा प्रति पर्यटकको औसत बसाइ १५ दशमलव ५ दिन र प्रतिदिन प्रति पर्यटक खर्च ४८ डलर छ । तथ्यांकअनुसार सन् २०२१ मा नेपाल भित्रिएका पर्यटकमध्ये ६६ दशमलव ८ प्रतिशत बिदा, मनोरञ्जन, यात्रा, १० दशमलव ३ प्रतिशत पर्वतारोहण, साहसिक यात्रा र पदयात्रा, ७४ प्रतिशत तीर्थयात्रा र १५ दशमलव ५ प्रतिशत अन्य विभिन्न उद्देश्यले नेपाल भ्रमण गरेका छन् । यात्रा उद्देश्यको आधारमा विगत १० वर्षमा बिदा, मनोरञ्जन, यात्रा, पदयात्रा, पर्वतारोहण तथा तीर्थयात्रासम्बन्धी उद्देश्यले आउने पर्यटकको अनुपात उच्च रहेको छ । त्यस्तो आगमनले आर्थिक पक्ष मात्र नभएर सामाजिक, सांस्कृतिक, धार्मिक र मनोवैज्ञानिक प्रभाव ल्याउने हुँदा पर्यटनको विकाससँगै जीवनशैलीमा समेत परिवर्तन आउने गर्छ ।

आर्थिक सर्वेक्षणअनुसार कुल पर्यटक आगमनको संख्याको सन् २०२१ मा सबैभन्दा बढी पर्यटक आउने पाँच मुलुकमा क्रमशः भारत ४२ दशमलव ८३ प्रतिशत, संयुक्त राज्य अमेरिका १५ दशमलव १३ प्रतिशत, बेलायत ५ दशमलव ७४ प्रतिशत, चीन ४ दशमलव १० प्रतिशत र बंगलादेश ३ दशमलव ३४ प्रतिशत रहेका छन् । यी पाँच मुलुकबाट आएका पर्यटकको संख्या कुल पर्यटकको ७१ प्रतिशत रहेको छ । हिमाल आरोहण गर्ने पर्वतारोहण दलको संख्या सन् २०२१ मा ७ सय ६२ रहेको छ । सन् २०२० मा यस्तो संख्या १ सय ५३ रहेको थियो । त्यसैगरी, पर्वतारोहीको संख्या सन् २०२१ मा ३ हजार ४ सय ४६ रहेको छ । सन् २०२१ पर्वतारोहीको उत्साहजनक आगमनसँगै पर्वतारोहणबाट प्राप्त हुने रोयल्टीमा वृद्धिसँगै ६३ करोड ५२ लाख ४९ हजार रुपियाँ संकलन भएको छ । २०७८ फागुनसम्म तारेस्तरको होटेलको संख्या १ सय ६२ पुग्नुको साथै तारेस्तरमा बाहेकको पर्यटक स्तरीय होटल, लज तथा रिसोर्टको संख्या २०७७ फागुनसम्म १ हजार १ सय ७१ रहेकोमा २०७८ फागुनसम्म १ हजार १ सय ८३ पुगेको छ । तारेहोटलबाहेकका पर्यटकीयस्तरीय होटल, लज, तथा रिसोर्टको शैया संख्या ६ सय ८७ थप भई ३२ हजार ६ सय ३७ पुगेको छ । २०७८ फागुनसम्म देशभरका २४ वटा क्यासिनो दर्ता भई सञ्चालनमा रहेको र २०७८/७९ को फागुनसम्म क्यासिनोबाट ९१ करोड ६० लाख रुपियाँ रोयल्टी प्राप्त भएको छ । २०७८ फागुनसम्म ट्राभल एजेन्सीको संख्या ३ हजार ८ सय १ पुगेको छ । ट्रेकिङ एजेन्सी २०७८ फागुनसम्म २ हजार ८ सय २१ पुगेको छ । २०७८/७९ को फागुनसम्म पर्यटक यातायात सेवा व्यवसायीको ऱ्याफ्टिङ एजेन्सी २०७८ फागुनसम्म ८७ पुगेको छ । २०७८ फागुनसम्म पर्यटक यातायात सेवा व्यवसायीको संख्या ८५ पुगेको छ । २०७८ फागुनसम्म टुर गाइडको संख्या ४ हजार ५ सय ५७ पुगेको छ । २०७८ फागुनसम्म ३ सय २४ रिभर ड्राइभिङ अनुमतिपत्र जारी भएको छ । २०७८ फागुनसम्म नेपालमा अन्तर्राष्ट्रिय उडान भर्ने वायुसेवाको संख्या २२ रहेको छ । आन्तरिकतर्फ उडान भर्ने वायुसेवाको संख्या २० रहेको र निर्माण सम्पन्न भएका विमानस्थलको संख्या ५३ रहेको छ । पर्यटन प्रवर्द्धनको सन्दर्भमा वर्तमान १५औं योजना (आर्थिक वर्ष २०७६/७७( २०८०/८१)मा नेपाल एक आकर्षक, सुरक्षित र मनोरम पर्यटकीय गन्तव्य बनाउने सोच, विश्व पर्यटन बजार मा नेपाललाई अग्रणी स्थानमा स्थापित गर्ने लक्ष्य र नेपाललाई सुरक्षित, गुणस्तरीय एवं पर्यटनमैत्री बनाई आकर्षक पर्यटक केन्द्रका रूपमा विकास गर्ने र पर्यटकीय क्षेत्रबाट प्राप्त लाभलाई समन्वायिक रूपले जनस्तरसम्म पुऱ्याउन उद्देश्य राखिएको छ । निर्धारित सोच, लक्ष्य तथा उद्देश्य प्राप्त गर्न छिमेकी मुलुक तथा प्रमुख पर्यटन बजारमा नेपाली पर्यटनको व्यापक प्रचारप्रसार गर्ने र प्रवर्द्धन गर्ने, पर्यटनको सम्भावना बोकेका शिक्षा, स्वाथ्य, खेलकुदजस्ता क्षेत्र समेटेर एकीकृत पर्यटन विकास गर्ने र पर्यटकीय उपजलाई मूल्य शृंखलामा आबद्ध गरी स्थानीयस्तर सम्म यस क्षेत्रको लाभ वितरण गर्ने रणनीतिहरू अवलम्बन गरिएको भए पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । खासगरी हिमाली प्राकृतिक सुन्दरता, महत्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्य तथा मौलिक, सांस्कृतिक तथा पुरातात्विक सम्पदा नेपालको पर्यटन क्षेत्रमा प्रचुर सम्भावना सम्पदाको संरक्षण, प्रवर्द्धन र विविधीकरण गर्दै पर्यटकीय स्थलका रूपमा विकास गरी राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारका रूपमा यस क्षेत्रलाई विकसित गर्ने नीति नेपालको संविधानले अंगीकार गरेको छ, जसले जीवनस्तर सुधार गर्न सहयोग गर्नेछ । नेपालको पर्यटन विकासमा पर्यटन उपज र क्रियाकलापको अपेक्षित विकास र विविधीकरण हुन नसक्नु, अन्तर्राष्ट्रिय स्तरमा पर्यटन प्रवर्द्धन अपेक्षित रूपमा गर्न नसकिनु, पर्यटन पूर्वाधारको कमी हुनु, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, प्रवर्द्धन र विकासमा निजी क्षेत्रलाई पर्याप्त सहभागी गराउन नसक्नु, पर्यटन क्षेत्रको विकासमा उद्यमशीलता विकास जोडिन नसकिनुजस्ता प्रमुख समस्या रहेका छन् । यसैगरी, पर्यटनको खर्च र बसाइ अवधि वृद्धि गर्नेगरी पर्यटन उपजको विविधीकरण र प्याकेजिङ गर्नु, गुणस्तरीय पर्यटक आगमन वृद्धि गर्नु पर्यटन सेवालाई छरितो, पर्यटकमैत्री, सुरक्षित र मनोरञ्जनात्मक बनाई पर्यटकलाई चुस्त बनाउनु पनि यस क्षेत्रका चुनौती हुन् । रोजगारीको सन्दर्भमा सन् २०२१ मा प्रकाशित विश्व श्रम संगठनको अध्ययन प्रतिवेदनअनुसार नेपालको पर्यटन क्षेत्रले लगभग ८ दशमलव १ प्रतिशत रोजगारी सिर्जना गरेको छ, जुन दक्षिण एसियाका अन्य श्रम बजार भन्दा निकै बढी हो । यसले जीवनशैलीको आर्थिक पक्षलाई सबल गराउन टेवा पुग्छ । यातायात तथा पूर्वाधारको सम्बन्धमा हवाई यातायात पनि पर्यटन क्षेत्रमा महत्वपूर्ण आधार का रूपमा रहँदा नेपालमा सन् १९५५ मा हिमालयन नामक पहिलो हवाई कम्पनी प्रारम्भ गरिए पनि पछि सरकारले सन् १९५८ मा शाही नेपाल वायुसेवा निगम कम्पनी स्थापना गर्यो, जसले बाह्य पर्यटक भित्र्याउन महत्वपूर्ण योगदान पुऱ्याउनुका साथै जीवनशैलीको आर्थिक पक्षमा सुधार ल्याउन र पर्यटकको भाषा संस्कृतिको आदानप्रदान हुँदा त्यसले मानिसको जीवनशैलीमा प्रभाप पार्ने गछ । पर्यटन क्षेत्रको विकासको सन्दर्भमा नेपालमा सन् १९५५ मा पर्यटन विकास परिषद्को गठन भएको थियो भने सन् १९५९ मा पर्यटन विभागको गठन भएको थियो । पर्यटन क्षेत्रमा खासगरी सन् १९६९ मा पर्यटन विकास समितिको गठनपछि सन् १९७८ मा पर्यटन मन्त्रालय नै अस्तित्वमा आयो भने सन् १९९७ मा नेपाल पर्यटन बोर्डको गठन भएको थियो र हाल प्रत्येक प्रदेशमा प्रदेशस्तरीय पर्यटन मन्त्रालय समेत गठन भएका छन् ।

नेपालमा खासगरी अहिले १ सय ८० भन्दा बढी मुलुकका नागरिक पर्यटकका रूपमा आउने गरेका छन् । वास्तवमा पर्यटनले बहुआयामिक पक्षको प्रतिनिधित्व गर्ने भएकाले यसले आर्थिक क्षेत्रमा मात्रै नभएर सामाजिक, सांस्कृतिक, शैक्षिक तथा विकासमा समेत प्रभाव पार्ने भएकाले यसको सम्बन्ध मानिसको जीवनशैलीसँग जोडिएको छ । समाजका मानिसको जीवनपद्धतिले नै संस्कृतिलाई प्रतिनिधित्व गर्ने र सामाजिक मूल्यमान्यता, परम्परा, धर्म, शैली, उत्पादनको तरिका, प्रविधिलगायतका सम्पूर्ण भौतिक तथा अभौतिक स्वरूपमा आउने परिवर्तनले जीवनशैलीमा परिवर्तन हुने गर्छ । पर्यटनको विकाससँगै नेपालमा विदेशी संस्कृतिसमेत भित्रिएको छ भने खानपान जीवनशैली, समयको परिवर्तनसँगै आनीबानीमा परिवर्तन भएको छ । आन्तरिक पर्यटनको कारणले विभिन्न जातजातिको जीवनशैली, संस्कार, संस्कृति, रहनसहनजस्ता कुरालाई अन्य समुदायले अनुसरण गर्ने गरेको पाइन्छ । पर्यटनसँगै नेपालमा पश्चिमा संस्कतिसमेत हाबी हुँदै गएको छ । मौलिक संस्कृतिलाई तिलाञ्जली दिँदै विदेशी संस्कृति र तडकभडक अनुसरण गरिएको छ । विदेशी खाद्यवस्तुको प्रयोगले स्वदेशी उत्पादनको प्रयोगमा कमी आउँदै जीवनशैलीमा परिवर्तन आएको छ । यस्तो अवस्थामा आफ्नो मौलिकता जोगाउनु जरुरी छ ।

पर्यटनको क्षेत्रमा विकास गर्ने सिलसिलामा नेपालमा २०५३ सालदेखि होमस्टेको विकास भएको थियो । त्यसको १४ वर्षपछि होमस्टे नियमन गर्न होमस्टे सञ्चालन कार्यविधि २०६७ जारी भयो, जसले गर्दा नेपालमा सामुदायिक र व्यक्तिगत होमस्टेमार्फत पर्यटनको विकास सँगसँगै नेपालीको जीवनशैली समेत सुधार आएको छ । यसले गर्दा देशभित्र रहेका स्थानीय मौलिक, सामाजिक, सांस्कृतिक, सम्पदाको संरक्षण हुनुका साथै अर्थोपार्जनमा टेवा पुगेको छ । एकातिर पर्यटन क्षेत्रको कारण देशको पहिचान, सामाजिक तथा सांस्कृतिक एवं प्राकृतिक सम्पदाको पहिचान विश्वसामु चिनाउन सहयोग पुगेको छ भने अर्कोतिर पर्यटनको विकास गर्ने नाममा देशका विभिन्न क्षेत्रमा यातायात, पूर्वाधार, सञ्चार, विद्युत्, खानेपानी, शिक्षा तथा स्वास्थ्यको क्षेत्रमा सुधार भएको छ । पर्यटन नीति २०६५ को पूर्ण कार्यान्वयन गर्दै देशमा धेरैभन्दा धेरै आन्तरिक तथा बाह्य पर्यटक भित्र्याएर आम्दानीको स्रोत बढाउन सकिन्छ भने उनीहरूको जीवनशैलीको राम्रा पक्षलाई अनुसरण गर्दै देशको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, मनोवैज्ञानिक र नैतिक पक्षलाई सुधार गर्न सकिन्छ । यसर्थ, पर्यटनको विकास नै जीवनशैली सुधारको मुख्य आधार हो । राजधानी दैनिक

**संविधानले व्यवस्था गरे अनुरूप नेपालले विधिवत् रूपमा २०७४ सालको निर्वाचनपछि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणाली अंगीकार गऱ्यो । नयाँ व्यवस्थाको पहिलो कार्यकाल भने नेपालीका लागि त्यति प्रिय रहेन । यसका अनेक कारकमध्ये प्रमुख हो । नेपाली राजनीतिमा देखिएको अस्थिरता । अघिल्लो संघीय निर्वाचनमा नेकपा एमाले र माओवादी केन्द्र सम्मिलित गठबन्धनले झन्डै दुईतिहाइ मत पाएर सरकार बनाएका थिए । जनतालाई ठूलठूला सपना देखाए पनि । तर, कालान्तरमा ती कोरा कल्पना साबित भए । समृद्ध नेपाल र सुखी नेपालीको आकर्षक नाराले कार्य प्रारम्भ गरेको कम्युनिस्ट सरकारले केही गर्ला भन्ने नेपालीको उत्साहमाथि तुषारापात मात्र भएन जनप्रतिनिधिको वैधानिक थलो प्रतिनिधिसभामाथि नै दुई-दुई पटक प्रहार भयो ।**

**जननिर्वाचित सरकारबाटै हैकमी प्रवृत्तिले भएको संविधान उल्लंघनले नेपालको राजनीतिलाई नै तरंगित बनायो । परिणामतः तामझामका साथ बनेको एमाले र माओवादी गठबन्धन छिन्नभिन्न भयो । एमालेको एउटा खेमा पनि अलग्गियो । देश हाँक्ने जनमत पाएको सरकारले गरेको संविधान उल्लंघनको विरोधमा सर्वसाधारण सडकमा उत्रिनुपऱ्यो । यस्तो असहज परिस्थितिको उपज नै वर्तमान सत्ता गठबन्धन हो । सत्ता सञ्चालनका लागि जनमत नै नपाएको नेपाली कांग्रेसले आफ्नो नेतृत्वमा माओवादी, लेनिनवादी, मधेशवादी र संघीयताविरोधी दलहरूसँग गठबन्धन गर्ने कल्पना नेपालीले मत दिने बेला सायदै गरेका थिए ।**

# खेलकुद

## विश्वकप-२०२२ मा कतारको यात्रा

कतारले नोभेमाबर २० तारिखमा फुटबलमा इतिहास बनाउँदैछ । आयोजकको हैसियतमा फिफा विश्वकपमा डेब्यू गर्दैछ र यस्तो अवसर पाउने कतार पहिलो टिम बन्नेछ । सन् २०१० डिसेम्बरमा पिफाले कतारलाई २०२२ को विश्वकप आयोजकको रुपमा घोषणा गरेपछि यस समाचारले गल्फ राष्ट्रमा फुटबल समर्थकको ध्यान खिचेको थियो ।

यद्यपी कतारमा लामो समयअघि देखि नै फुटबल अफिसियल खेलको रुपमा मान्यता पाएको थियो । कतार फुटबल एसोसिएसन क्युएफए सन् १९६० मा स्थापना भएको हो । त्यसको तीन वर्षपछि नै फिफाको सदस्य बनेको थियो । पहिलो दुई मुख्य प्रतियोगिताहरुमा हार्ने टिमको रुपमा रहेको कतारी टिमले १९८४ को गल्फ कपमा पहिलो पटक प्रभाव देखायो । त्यसबेला कतार फाइनल पुगेको थियो । इराकसँग पेनाल्टीसुटआउटमा पराजित भयो ।


१९९० को दशकमा अनाबी (कतारको उपनाम) को उदय भएको थियो । १९९२ मा कतारले पहिलो पटक गल्फ कपको उपाधि जित्यो र समर ओलम्पिकका लागि छनोट भयो । यसअघि कहिल्यै पनि विश्वकपका लागि छनोट नभएको त्यसयता कतार धेरै पटक छनोट नजिक पुगेर पनि असफल थियो । कतार सन् १९९० को विश्वकपमा छनोट हुने दौडमा थियो तर छनोटको अन्तिम चरणमा तेस्रो भयो । यस्तै १९९८ को विश्कपका लागि साउदी अरेबियासँग अन्तिम प्लेअफमा पराजित भयो ।

क्षेत्रीय र महादेशीय स्तरमा कतारको प्रगति २००० को दशकसम्मसम्म जारी रह्यो । कतारले २००६ को एसियन गेम्समा आयोजकको रुपमा पुटबलमा स्वर्ण जित्यो । कतारले सबैभन्दा ठूलो सफलता भने २०१९ मा पायो । जहाँ शानदार प्रदर्शन गर्दै पहिलो पटक एसियन कपको उपाधि जित्यो । युएईमा भएको प्रतियोगितामा कतारले समूह चरणमा उत्कृष्ट प्रदर्शन गर्दै सबै तीन खेल जितेर १० गोल गरेको थियो ।

राउण्ड अफ १६ मा इराकलाई हराएको कतारले क्वाटरफाइनलमा दक्षिण कोरियालाई पराजित गऱ्यो । यस्तै सेमिफाइनलमा युएईलाई ४-० ले हरायो । फाइनलमा पूर्व विजेता जापानलाई ३-१ ले हराएर च्याम्पियन बन्यो । फाइनलमामा एक गोल सहित १० गोल गरेका फरवार्ड अल्मोज अली, गोलकिपर साद अल शिव र रक्षापंक्तिको प्रदर्शन उत्कृष्ट थियो । एसियन कपमा कतारले १० गोल गर्दा फाइनलमा एक गोल मात्र बेहोरेको थियो । कतारले एसियन च्याम्पियन बनेर घर फर्कंदा शानदार स्वागत पायो र विश्वकपमा समर्थकको अपेक्षा पनि बढेको छ । २०१९ यता भने कतारको नतिजा मिश्रित छ । अन्तर्राष्ट्रिय एक्सपोजरका लागि भन्दै कतारलाई २०१९ को कोपा अमेरिकामा आमन्त्रण टोलीको रुपमा सहभागी गराइएको थियो । जहाँ कतारले तीन खेल हार्दा एकमा बराबरी गरेको थियो । यस्तै कतार विभिन्न एएफसी विश्वकप छनोट समूहमा पनि सहभागी भइसकेको छ । २०२१ को कोनकाका गोल्डकपमा पनि कतारलाई आमन्त्रण गरिएको थियो जहाँ कतार सेमिफाइनल पुगेको थियो । गत वर्ष गल्फ कपमा उत्कृष्ट प्रदर्शन गर्दै तेस्रो भएपछि कतार पिफा वरियतामा अहिलेसम्मकै माथि ४८औं स्थानमा पुगेको थियो । पछिल्लो समय अन्तर्राष्ट्रिय फुटबलमा प्रगति गरिरहेको कतारले आयोजकको रुपमा फाइदा लिँदै नकआउट चरणसम्म पुग्ने समर्थकले आशा राखेका छन् । कतारका प्रशिक्षक फेलिक्स सान्चेल विशेष गरी बफ्नो रक्षापंक्तिमा बढी भर गर्छन् । जसलाई गोलकिपर अल शिवले नेतृत्व गर्नेछन् । २६ वर्षीय अल्मोज अलीको कतारको अग्रपंतिमा मुख्य खेलाडीको रुपमा हुनेछन् । एसियन कप जित्दा उनले नै सर्वाधिक गोल गरेका थिए । यससँगै अक्रम अफिफ र कप्तान हसन अल हाएडोस कतारको अट्याकमा हुनेछन् । एसियन कप विजेता प्रशिक्षक फेलिक्सले विश्वकपको प्रतिद्वन्दी अन्य प्रतियोगितामा कतारले प्रतिस्पर्धा गरेको भन्दा फरक हुने स्वीकारेका छन् र समूह चरण पार गर्न उनीहरुलाई सहज भने पनि बुझेका छन् । 'प्रतियोगितामा हाम्रो खेलहरु कठिन हुनेछ,' सान्चेजले पछिल्लो अन्तर्वार्तामा भनेका छन्, 'हामीले धेरै बलियो टिमसँग खेल्नुपर्ने छ, त्यस्तो टिमहरु जो विश्वकप खेलिसकेका छन् ।' समूह चरणमा इक्वेडर ९नोभेम्बर २००, सेनेगल ९नोभेम्बर २५०, र नेदरल्याण्ड्स ९नोभेम्बर २९० विरुद्ध हुने खेलका लागि सान्चेजले घरेलु समर्थनको महत्वलाई पनि जोड दिएका छन् । 'समर्थकको जयजयकारले कतारलाई विश्वकप दौरान सहयोग गर्नेछ र खेलाडीहरूलाई आफ्नो उत्कृष्ट प्रदर्शन दिनको लागि प्रेरित गर्नेछ ।'

## फुटबल खेलका लागि सहायक प्रशिक्षकमा थापा नियुक्त

काठमाडौं । अखिल नेपाल फुटबल संघ (एन्फा) ले पाकिस्तानविरुद्धको मैत्रीपूर्ण फुटबल खेलका लागि नरेश थापालाई सहायक प्रशिक्षक नियुक्त गरेको छ । एन्फाले मैत्रीपूर्णका लागि थापालाई सहायक प्रशिक्षकको जिम्मेवारी




दिइएको जनाएको छ । एन्फाका अध्यक्ष पंकज विक्रम नेम्वाङले थापालाई नियुक्ति पत्र हस्तान्तरण गरेका थिए । एन्फाले प्रवेश कटुवाललाई मुख्य प्रशिक्षक नियुक्त गरिसकेको छ । नेपालले कात्तिक ३० गते पाकिस्तानसँग दशरथ रंगशालामा एक मैत्रीपूर्ण खेल खेल्नेछ । मैत्रीपूर्ण खेल साँझ ५ बजे हुने एन्फाले जनाएको छ । फिफाको निलम्बन फुकुवासँगै आठ वर्षपछि अन्तर्राष्ट्रिय फुटबलमा फर्किएको पाकिस्तान नेपाल आउन लागेको हो । निलम्बन फुकुवापछि पाकिस्तानको सिनियर पुरुष टिमको यो पहिलो अन्तराष्ट्रिय खेल हो । मुख्य प्रशिक्षक अब्दुल्लाह अलमुताइरीले राजीनामा दिएपछि नेपाल नियमित मुख्य प्रशिक्षक विहीन रहदै आएको छ । यसअघि बंगलादेशविरुद्धको मैत्रीपूर्णमा प्रदिप हुमागाईले टिम सम्हालेका थिए ।

## काठमाडौं............

अभियानमा सक्रिय व्यक्तिको रोजाइमा पर्दै आएको छ। यसपटक पनि राष्ट्रिय पहिचान बनाएका व्यक्तित्वले यस क्षेत्रबाट उम्मेदवारी दिएका छन्। जसका कारण परम्परागत नतिजा बदि्लन सक्ने आँकलन गरिएको छ।

गठबन्धका साथ पाएकाले सिंहमा बढी आत्मविश्वास देखिन्छ। तर, स्थानीय तह निर्वाचनमा काठमाडौंबाट स्वतन्त्रका उम्मेदवार विजयी भएकाले दलका नेताले यस निर्वाचनलाई सहज रूपमा भने लिएका छैनन्। थोरै मत काटिँदा नतिजा परिवर्तन हुन सक्ने देखिएको छ। सानो भुगोल र सहरी क्षेत्र मात्र भएकाले पनि यहाँका मतदाता उम्मेदवारबाट 'विकासे अपेक्षा' राख्दैनन्। यस क्षेत्रमा काठमाडौं महानगरपालिकाका वडा १०, ११, २९, ३१ वडा पर्छ। ४५ हजार १८ मतदाता रहेको र चर्चित अनुहार चुनावी मैदानमा रहेकाले थोरै मतान्तरमा विजयी हुने देखिन्छ। २ हजार ५ सय ८८ मतदाता यस क्षेत्रमा थपिएका र यी मतदाता निर्णायक हुन सक्ने आँकलन न गर्न सकिन्छ।

नेपाल सुशासन पार्टी अध्यक्ष रमेश खरेल पनि यहींबाट प्रतिस्पर्धा गरिरहेका छन्। नेपाल प्रहरीका पूर्वडीआईजी खरेल 'विकृति अन्त्य गर्दै सुशासन कायम गर्न उम्मेदवारी दिएको' बताउँछन्। त्यस्तै, नेपालका लागि नेपाली पार्टीबाट अधिवक्ता बालकृष्ण न्यौपानेले पनि यसै क्षेत्रबाटै उम्मेदवारी दिएका छन्।

क्षेत्र १ मा २९ वर्षीय खुमकला लामिछाने सबैभन्दा 'कान्छी' र प्रकाशनमान सिंह ज्येष्ठ उम्मेदवार हुन्। २०७४ को निर्वाचनमा सिंहले १० हजार ९ सय ३६, मिश्रले १० हजार १ सय १८ मत ल्याए र नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का अनिलकुमार शर्माले ५ हजार ३ सय ३६ मत प्राप्त गरेका थिए। लोकतान्त्रिक समाजवादी पार्टी नेपालका उम्मेदवार प्रकाश नायजुले भने प्रकाशमान सिंहलाई सहयोग गर्ने भन्दै उम्मेदवारी निस्क्रिय पारेका छन्। यस क्षेत्रमा गठबन्धबाट प्रदेश (क)मा प्रदेशसभा सदस्यका लागि कांग्रेसका दीपेन्द्र श्रेष्ठ उम्मेदवार दिएका छन्। उनी यसअघि पनि विजयी भएका हुन्। काठमाडौं क्षेत्र १ का उम्मेदवार सिंहभन्दा उनको अवस्था सहज देखिन्छ। एमालेबाट रामप्रसाद अमागाई प्रतिस्पर्धामा छन्। आठ दलले र सात स्वतन्त्र उम्मेवार छन्।

त्यस्तै, काठमाडौं क्षेत्र १ (ख)मा एमालेका गणेशप्रसाद दुलाल चुनावी मैदानमा छन्। उनी २०७४ मा पनि निर्वाचित भएका थिए। यसपटक भने उनलाई गठबन्धका उम्मेदवार नेपाली कांग्रेसका सुरजचन्द्र लामिछानेले चुनौती दिने आँकलन गरिएको छ। यहाँ ९ दल र ६ स्वतन्त्र उम्मेदवार छन्।

## पाँच......

नेतृत्वले आजसम्म आफूहरुको पक्षमा केही काम नगरेको बताए। उनले भने,'मजदुर वर्गकै भोटबाट मन्त्री भएका हरुले पनि हामीहरुकै समस्या समाधान गर्न सकेनन्।'

आफूहरुले चुनेर पठाएका नेतृत्वहरुले मजदुरका समस्या हल नगरेको, मजदुरमाथि भएका अन्याचारविरुद्ध केही नबोलेको उनले आरोप लगाए। उनले भने,'सम्पुर्ण मजदुर एकताबद्ध हुनु महत्वपुर्ण आवश्यकता छ। गाउँमा भोट माग्न आउने नेताहरुलाई गाउँबाट लखेटेर मजदुर, वृद्धिजिवि,किसान सहितको नयाँ सरकार बनाउनुपर्छ।' मंसिरमा हुने निर्वाचनलाई नौटकींको संज्ञा दिँदै उनले भने,'आगामी निर्वाचन, न त नीतिमा छ, न त सिद्धान्तमा छ, न त वैचारिक रुपमा छ, जसरी हुन्छ चुनाव जित्ने र विदेशीको इशारामा हिड्ने र देश बेच्न मात्रै उद्देश्य छ।' चुनाव बहिस्कार गर्नुको विकल्प नरहेको उनले बताए।

टिका घिमिरेले आगामी चुनाव जनताको हितमा नरहेको भन्दै शसक्त बहिस्कार गर्नुपर्ने बताए।

अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका अध्यक्ष इश्वर तिमिल्सिनाले मंसिरमा हुने निर्वाचनलाई सात पार्टीले बहिस्कार गरेको दाबी गरेका छन्। अहिले प्रजातन्त्र बदनाम र मु्ी भरका पुँजीपति वर्गको राज्यसत्तामा पकड जमाउने माध्यम भएको उनले टिप्पणी गरे। प्रजातन्त्रमा लामो समयदेखि मजदुरवर्गलाई उपेक्षा गरिदै आएको भन्दै उनले आगामी निर्वाचनमा मजदुर वर्गको प्रतिनिधित्व नभएको दाबी गरे।

मजदुरको प्रतिनिधित्व नभएपछि मजदुर वर्गले निर्वाचनलाई स्वीकार गर्न नसक्ने उनले थप स्पष्ट पारे। ६० लाख भन्दा बढी बिदेश भएका मजदुरलाई मतदान गर्ने व्यवस्था नभएको भन्दै निर्वाचन वहिस्कार गर्नुको विकल्प नरहेको बताए। कार्यक्रमको सञ्चालन वसन्त बोगटीले गरेका थिए।

## जीएमआर......

मन्त्रिपरिषदबाट निर्णय गर्नुपरेको हो भन्ने पक्ष विचारणीय रहेको' आदेशमा भनिएको छ।' २०७१ सालमा भएको दुई वर्ष अवधिको सम्झौताको म्याद १० वर्षपछिसम्म पुग्ने गरी थप गर्नुको कुनै औचित्य देखिँदैन। तसर्थ सुविधा सन्तुलन तथा अपूरणीय रुपमा पर्न जाने क्षति समेतलाई दृष्टिगत गरी निवेदकको माग बमोजिम अन्तरिम आदेश जारी गर्नु मनासिव देखिएकाले रिट निवेदन अन्तिम किनारा नलागेसम्म माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापनको म्याद थप गर्ने निर्णय कार्यान्वयन नगर्नू नगराउनू, यथास्थितिमा राख्नू', अन्तरिम आदेशमा भनिएको छ।

विवादको छिटोछरितो रुपमा किनारा गर्न आवश्यक देखिएको हुँदा सर्वोच्च अदालतको नियमावली, २०७४ साल बमोजिम अधिकार प्रदान गरिएको आदेशमा उल्लेख छ। लगानी बोर्ड र जीएमआरबीच २०७१ साल असोज ३ गते दुई वर्ष अवधि राखेर परियोजना विकास सम्झौता भएको थियो। सम्झौता बमोजिम काम नभएपछि २०७३ साल पुस २४ गते एक वर्ष म्याद थप भएको थियो। बोर्डले २०७४ साल कात्तिक २४ गते पुन: वित्तीय व्यवस्थापनका लागि अर्को एक वर्ष म्याद थप भएको थियो।

त्यसपछि सम्झौताको निरन्तरता कायम राख्ने सम्बन्धमा कुनै काम भएको वा सम्झौता कायम राख्ने प्रक्रिया अपनाइएको थिएन। सम्झौता गर्ने, म्याद थप गर्ने कार्य बोर्डले नै गर्दै आएको थियो। पछिल्लो पटक राष्ट्रिय योजना आयोगका तत्कालीन उपाध्यक्ष विश्व पौडेलको संयोजकत्वका एक कार्यदल बनाइ त्यही कार्यदलको सिफारिसका आधारमा सरकारले म्याद थप गरेको थियो।

कुल नौ सय मेगावाट क्षमताको यस आयोजनाबाट उत्पादित बिजुलीमध्ये पाँच सय मेगावाट बङ्लादेश बिक्री गर्ने भनिए पनि अहिलेसम्म कुनै सम्झौता हुन सकेको छैन। जल तथा ऊर्जा क्षेत्रमा पैरवी गर्दै आउनुभएका रतन भण्डारीले जीएमआरको म्याद थप गैरकानुनी रहेको माग दाबी गर्दै रिट निवेदन दिनुभएको थियो।

## कर्णाली......

७५ प्रतिशत लक्ष्य पूरा गरेको बताए। त्यसैगरी ५६.४८ प्रतिशत वित्तीय प्रगति भएको उनको भनाइ छ। कार्यक्रममा बोल्दै सुर्खेतका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले पानी, दूध र तेलमा उपभोक्ता ठगी हुने गरेको भन्दै यसतर्फ अनुगमनलाई बढाउन सुझाव दिए।

उनले विशेषगरी आम उपभोक्तालाई आफूले खाने खाद्यवस्तुको गुणस्तरका बारेमा जानकारी गराउनुपर्नेमा जोड दिए। कार्यक्रममा नागरिक समाजका अगुवा पिताम्बर ढकालले उपभोक्ताको हितका लागि कार्यालयले राम्रो काम गरेको भन्दै आगामी दिनमा अझै अनुगमन तथा गुणस्तर मापनलाई जोड दिनुपर्ने बताए। रासस

## प्रविधि.....

पढाइमा खलल पु¥याउने ग्याजेटहरूभन्दा टाढा राख्न जरुरी भइसकेको छ।

सहरका विद्यार्थीहरूका लागि खेल्ने ठाउँको अभाव भएका कारण मनोरञ्जनका रूपमा आधा, एक घण्टा ग्याजेट चलाउन दिन सकिन्छ। पढाइसम्बन्धी कुरा खोज्न आफ्नै निगरानीमा ग्याजेट प्रयोग गर्न दिन सकिन्छ। तर, कलिला विद्यार्थीकै हातमा भने ग्याजेट छाड्नु हुँदैन। स्कुलले पनि बदलिँदो समयअनुसार पढाउने तरिकामा परिवर्तन ल्याउन सक्नुपर्छ। कलिला मुनाहरूको भविष्य सिँगार्न सरकारले पाठ्यक्रममा सुधारलगायतका हरेक तरिका अपनाउन जरुरी देखिन्छ। अभिभावकको प्रत्यक्ष निगरानीमा रहने विद्यार्थीको आनीबानीमा आउने परिवर्तनलाई नियाल्नु अभिभावकका लागि जरुरी हुन्छ। राजधानी दैनिक

## शुद्धिकरण....

श्रीकृष्णका विविध पक्षबारे जान्नेसुन्नेहरूलाई थाहा छ- कृष्णका अनेक नाम छन् (ती सबै त उपन्यासमा उल्लेख छैन)। उनका त कन्हैया, मनोहर, श्याम, मनमोहन, माधव, मुरलीधर, केशव, गोविन्द, जनार्दन, मुरारी, वासुदेव, नन्दलाला, यशोदानन्दन, देवकीनन्दन, राधेश्याम, पार्थसारथी आदिआदि अनेक नाम छन्।

कृष्णको वर्ण कालो छ, उनी दुनियाँको दु:ख आफूले हरण गर्दछन्। कालो रंगमाथि अरू कुनै रंगको प्रभाव पर्दैन र कृष्णले सबै रंगको प्रभाव आफूभित्र समेटेका छन्। त्यसकारण पनि उनी काला छन्, श्याम रंगका छन्। निष्काम कर्मयोगी उनी नियति वा प्रारब्धलाई सबै कुराको आधार पनि मान्दछन्। उपन्यासमा, देह त्याग गर्नुभन्दा पहिले कृष्णले आफूमाथि तीर चलाउने सिकारीसित बोलेका छन्। कृष्णका अन्तिम शब्दहरू हुन्, तिमी निमित्त हौ व्याधा, निमित्त। यो पूर्व निर्धारित थियो। तिमी विधिको विधानबाट निर्देशित छौ। त्यसकारण क्षमा माग्नुपर्ने औचित्य छैन।

उपन्यासमा प्रयुक्त कागज र छपाइ सुन्दर छ भने भाषा-शैली सटीक, सुललित, प्राञ्जल र मर्मस्पर्शी छ। ठूला, जटिल र अबोध्य शब्द अनि लामा-लामा एवं दुर्बोध्य पंक्तिहरूको प्रयोग लगभग छैन जसले गर्दा भाषा नदी जसरी बेरोकटोक बगेको छ। यसले गर्दा समेत भाषा आफ्नै किसिमको मिठासले भरिएको छ।

त्यसो त उपन्यासकारले पढेको हिन्दीभाषाको छाप पनि बेलाबखत प्रस्ट देखिन्छ जतिबेला उनी माखन, मकरा, मैया, सैतान, आसपास, हाय राम, हाय कन्हैया, सौगन्ध, चाँद आदि जस्ता शब्दहरू ठाउँठाउँमा प्रयोग गरिरहेका हुन्छन्। यसो भए तापनि उपन्यासमा प्रयुक्त भाषिक आभाले गर्दा एकपटक होइन, पटकपटक पढे पनि मन बोझिल बनाउँदैन।

यद्यपि महाभारत युद्ध सुरु हुनुअघि कृष्णले अर्जुनलाई सुनाएको गीतासारको भाषा भने यही किसिमको छैन। गीतासार लेख्ने क्रममा उपन्यासकार हतारिएको आभाष हुन्छ, त्यसकारण त्यो निकै संक्षिप्तमा मात्र उल्लेख मात्र गरेका छन्। लाग्छ, समष्टिलाई वेष्टिमा समाहित गर्ने प्रयासमा उपन्यासकार वर्णन-शृङ्खलामा यताउति रुमल्लिएका छन्। यस्तो प्रतीत हुन्छ, मानौं समग्रमा ५६५ पृष्ठ लामो किताबका पानाहरूभन्दा बाहिर सुन्न नमिल्ने कृष्ण-बाँसुरी-धुनले उपन्यासकार शंकर गैरेलाई पनि मुग्ध तुल्याइदिएको छ।

# चुनावका कारण अदालतको सेवा प्रभावित, सेवाग्राहीलाई समस्या

पर्वत। पर्वतको मोदी गाउँपालिका वडा नं. ७ राम्जाकी लक्ष्मी घर्ती कात्तिक २० गते आइतवार पर्वत जिल्ला अदालत आउनुभयो। उहाँ २०७६ सालमा दर्ता गरेको जालसाजी मुद्दाको पेसी सुनुवाइ हुने गरी तारेख तोकिएपछि अदालतमा आउनुभएको थियो तर अदालतले त्यस दिन पेसी स्थगित भएको सूचना दिएर घर फर्कायो। घर्तीले २०७६ फागुनमा दर्ता गरेको जालसाजी मुद्दा अहिलेसम्म ११ पटक अदालतमा पेसी चढेको छ तर अदालतले तीन पटकमात्रै आदेश जारी गरेको छ भने अन्य आठ पटक स्थगित नै भएको छ। लक्ष्मी घर्तीमात्रै होइन पछिल्लो एक हप्ता अदालतमा पेसी तोकिएका दुई दर्जनभन्दा बढी मुद्दा सुनुवाइ नै हुन नपाइ स्थगति भएका छन्।

मङ्सिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा सदस्य चुनावका कारण पर्वत जिल्ला अदालतको काम कारबाही प्रभावित बनेको हो। नियमित काम रोकिँदा समस्या भोग्नुपरेको सेवाग्राहीले गुनासो गरेका छन्। निर्वाचन आयोगले निर्वाचन ऐनअनुसार जिल्ला न्यायाधीशले मुख्य निर्वाचन अधिकृतको भूमिका निर्वाह गर्ने जिम्मा दिएपछि अदालतको काम नियमितरूपमा सञ्चालन हुन सकेको छैन। जिल्ला न्यायाधीश आनन्दप्रसाद श्रेष्ठ निर्वाचन व्यवस्थापनकै सिलसिलामा अनुगमन तथा निरीक्षण सँगसँगै कर्मचारी खटाउनमा व्यस्त रहेपछि अदालतका सबैजसो मुद्दा स्थगित हुने गरेका छन्। कात्तिक महिनाको १४ गतेदेखिका अदालतमा पेसी चढेका मुद्दामध्ये एक/दुईबाहेक सबैजसो स्थगित गरिएको पर्वत जिल्ला अदालतका स्रेस्तेदार राजु ढुंगानाले जानकारी दिनुभयो। 'एक जनामात्रै जिल्ला न्यायाधीश रहेको ठाउँमा धेरै समय निर्वाचन व्यवस्थापनमा खट्नुपर्दा असहज भएको छ', उहाँले भन्नुभयो 'श्रीमानले समय मिलेसम्म मुद्दा हेर्ने र सुनुवाइ गर्ने गर्नुभएको छ', उहाँले भन्नुभयो। स्रेस्तेदार ढुंगानाले सेवाग्राहीलाई सकेसम्म मर्का नपर्ने गरी कार्यसम्पादन गर्ने गरिएको बताउनुभयो। जिल्ला न्यायाधीश श्रेष्ठले चुनावकै कारण मुद्दा छिटो छरितो गरी नियमितरूपमा हेर्न नसकिएको बताउँदै समय व्यवस्थापन गरेर मुद्दाको सुनुवाइ गर्दै आएको बताउनुभयो। सर्वोच्च अदालतबाट परिपत्र तथा सूचना जारी नभएसम्म आफूहरूले पूर्णरूपमा काम स्थगित गर्न नसकिने उहाँले बताउनुभयो। बन्दी प्रत्यक्षीकरणलगायतका थुनछेक आदेश गर्नुपर्ने प्रकृतिका मुद्दाहरू भने नियमित प्रक्रियामा नै रहेको उहाँले जानकारी दिनुभयो।

# ट्राफिक नियम पालना नगर्ने २० वटा स्कुल बस कारबाहीमा

काठमाण्डौ। ट्राफिक प्रहरीले काठमाण्डौ उपत्यकाका विभिन्न ठाउँबाट २० वटा स्कुल बस नियन्त्रणमा लिएर मापदण्ड पूरा गर्ने सर्तमा छोडेको छ। स्कुल बस निर्देशिका(२०७४ अनुसार सञ्चालन नगर्ने २० वटा स्कुल बस नियन्त्रणमा लिएर १५ दिनभित्र मापदण्ड पूरा गर्ने गरी छाडिएको ट्राफिक प्रहरी कार्यालयले जनाएको छ। काठमाण्डौ उपत्यका ट्राफिक प्रहरी कार्यालयले जाँचका क्रममा हिजो स्कुल बस निर्देशिका अनुसार सञ्चालन नगरेका २० वटालाई नियन्त्रणमा लिएको थियो। सवारी चालक अनुमतिपत्र नभएको, बसको झ्यालमा डण्डी नराख्ने, कागजपत्र साथमा नराख्ने र ट्राफिक नियम उल्लङ्घन गरेका स्कुल बसलाई नियन्त्रणमा लिइएको महानगरीय ट्राफिक प्रहरीले जनाएको छ। विद्यार्थीको सुरक्षाका लागि स्कुल बस निर्देशिका अनुसार गाडी सञ्चालन गर्न पनि ट्राफिक प्रहरीको आग्रह छ। विशेषगरी पछिल्लो समयमा मापदण्ड विपरीत विद्यार्थी बोक्ने गर्दा दुर्घटना समेत बढेको छ।

# अन्तराष्ट्रिय समाचार

## इरानमा गोली चल्दा बालबालिकासहित १० को मृत्यु

इरानको दक्षिणपूर्वी क्षेत्रमा हिजाब विरोधी प्रदर्शनमा बालबालिकासहित १० जनाको ज्यान गएको छ। इरानी सुरक्षा बलले सिस्तान र बलुचिस्तान प्रान्तको मुख्य सहरमा शान्तिपूर्ण प्रदर्शन गरेकामाथि गोली चलाएको समाचार संस्था एएफपीले जनाएको छ।

दक्षिणपूर्वी इरानका विभिन्न सहरमा हिजो भएका प्रदर्शन हिंसात्मक बनेको छ। तेहरानमा प्रहरी हिरासतमा २२ वर्षीया महसा अमिनीको ज्यान गएपछि देशव्यापी प्रदर्शन भइरहेका छन्।

## भारतमा वायु प्रदूषणका कारण स्वास्थ्य संकटकाल

भारतको राजधानी दिल्लीमा अत्यधिक वायु प्रदूषणका कारण स्वास्थ्य सङ्कटकालको घोषणा गरिएको छ। वायु प्रदूषण खतराको तहमा पुगेपछि दिल्ली सरकारले प्राथमिक विद्यालय बन्द गरेको छ। साना बालबालिकालाई घरबाट बाहिर ननिस्कन भनिएको छ। त्यस्तै प्राथमिक तहमाथिका विद्यालयमा विद्यार्थीका लागि बाहिरी गतिविधिहरू नगर्न र स्वास्थ्य सावधानी अपनाउन आग्रह गरिएको छ। कर्मचारीलाई घरैबाट काम गर्न सुविधा दिइएको छ। विश्वको सबैभन्दा प्रदूषित राजधानी दिल्लीको हावा स्वास्थ्यको लागि गम्भीर जोखिम छ। धुवाँका कारण हावा दूषित भएपछि नयाँदिल्ली र आसपासका क्षेत्रमा खराब अवस्था छ।

धानबाली पराल जलाउने तथा उच्च गाडीको चापका कारण नोभेम्बर महिनाको सुरुदेखि नै दिल्लीमा प्रदूषण बढेको छ। डिजेलबाट चल्ने ट्रक तथा अरु साना गाडीलाई चलाउन रोक लगाइएको छ। दिल्लीमा हावाको गुणस्तर सूचकाङ्क ४ सयमाथि पुगेको छ। विज्ञले दूषित हावा बालबालिका र वृद्धवृद्धाका लागि निक्कै खतरनाक रहेको बताएका छन्। प्रदूषणका कारण श्वासप्रश्वास, खोकी, नाक बग्ने, आँखा चिलाउनेलगायतका लक्षणसहित बिरामी बढेका स्वास्थ्यकर्मीलाई उद्धृत गरी भारतीय सञ्चारमाध्यमले जनाएका छन्।

## युक्रेनमा देखिएको संकट समाधान गर्न जी-सेभेन देशको तत्परता

रुस -युक्रेन युद्धका कारण युक्रेनमा देखिएको ऊर्जा र पानीको सङ्कट समाधान गर्न जीसेभेन देशहरुले समन्वय संयन्त्र बनाउने भएका छन्। विकसित र औद्योगिक राष्ट्रहरूको समूहले युक्रेनमा देखिएको सङ्कट समाधान गर्न तत्परता देखाएका हुन्।

जीसेभेन देशका विदेश मन्त्रीहरूद्वारा जारी विज्ञप्तिमा युक्रेनमा देखिएको चरम ऊर्जा, पानी र पूर्वाधारको मर्मत, पुनर्स्थापना र रक्षा गर्न समन्वय संयन्त्र स्थापना गर्न लागेको उल्लेख छ। रुसलाई तत्काल युद्ध रोक्न र सैन्य सामग्री फिर्ता लिन पनि उनिहरुको आग्रह छ। रुसको पछिल्लो आक्रमणबाट युक्रेनमा झण्डै ४० प्रतिशत ऊर्जा क्षेत्र तहसनहस भएको छ। जीसेभेन राष्ट्रहरू शान्ति र स्थिरतासँगै सबै क्षेत्रमा देखिएको विवादको शान्तिपूर्ण समाधान खोज्नुपर्ने पक्षमा रहेको विज्ञप्तिमा उल्लेख छ। जी सेभेनमा क्यानडा, फ्रान्स, जर्मनी, इटाली, जापान, अमेरिका र युरोपेली युनियन रहेका छन्।

## सेना सहभागी रहेको इमरान खानको पार्टीको आरोप

गोली लागि घाइते भएका पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानको स्वास्थ्यमा क्रमिक सुधार भएको छ। शल्यक्रिया गरेर शरीरबाट गोली निकालिएको र खानको स्वास्थ्य अवस्था सुधार भइरहेको अस्पताल स्रोतलाई उद्धृत गर्दै बीबीसीले जनाएको छ। खानको खुट्टामा गोली लागेको छ। खान चाँडै अस्पतालबाट डिस्चार्ज हुने बताइएको छ। एक बन्दुकधारीले आक्रमण गर्दा खानसहित झण्डै १० जना घाइते भएका थिए। घाइतेमध्ये एक जनाको ज्यान गएको र ज्यान गुमाउने आक्रमणकारीमध्ये एक रहेका पाकिस्तानी सञ्चारमाध्ययमले जनाएका छन्। गोली हानेको आरोपमा एक जना पक्राउ परेका छन्।

खानको पार्टी पाकिस्तान तेहरिक-ए-इन्साफ (पीटीआई) ले सरकार र सेनाका एक मेजर जनरलमाथि आक्रमणको मुख्य योजनाकार रहेको आरोप लगाएको छ। तर पाकिस्तानी सेनाले भने खानको आरोपलाई निराधार र गैरजिम्मेवारपूर्ण भनेको छ। पाकिस्तानी सेनाले विज्ञप्ति निकालेर झुटो आरोप लगाउनेमाथि कारबारी गर्न सरकारलाई अनुरोध गरेको छ। पाकिस्तानका गृहमन्त्री राणा सनाउल्लाहले पनि खानको आरोप अस्वीकार गर्नुभएको छ। प्रधानमन्त्री शाहबाज सरिफले घटनाको दिन निन्दा गर्दै छानबिनको आदेश दिनुभएको छ। गएको अप्रिलमा खानलाई सत्ताबाट हटाएपछि पाकिस्तानमा राजनीतिक सङ्कट बढेको छ।

## फिलिपिन्समा आँधीबाट १ सय ५० जनाको मृत्यु

फिलिपिन्समा आएको शक्तिशाली आँधीका कारण १ सय ५० जनाले ज्यान गुमाएका छन्। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्का अनुसार आँधीमा परि ३६ जना बेपत्ता छन्। आएको पाएङ नामको आँधीबाट मिमारोपा, विकोल क्षेत्र, पश्चिमी भिसायास, जाम्बोनागा प्रायद्वीप, दक्षिणी कोटाबाटो, सुल्तान कुदारत, साराङगानी र सान्तोस सहर अति प्रभावित भएका छन्। आँधीले ३९ लाख नागरिक प्रभावित भएका छन् भने ४ सय ९९ सडकमा क्षति पुगेको छ। त्यसैगरी १ सय २० वटा पुल आंशिक वा पूर्ण रूपमा भत्केका छन्।

आँधीका कारण राजधानी मनिलासहित १७ क्षेत्रका ३१ हजार ९ सय ४२ गाउँका १८ लाख १२ हजार ७ सय ४० जना नराम्ररी प्रभावित भएका मनिला टाइम्सले जनाएको छ। आँधीसँगैको बाढीका कारण कम्तीमा १ लाख १३ हजार ४ सय ८ हेक्टर कृषि क्षेत्र प्रभावित भएको छ। त्यहाँ ११ हजार ७ सय ६१ मेट्रिक टन उत्पादनमा नोक्सानी भएको छ।

## रुसको एक नाइट क्लबमा आगलागी, १३ को मृत्यु

रुसको एक नाइट क्लबमा आगलागी हुँदा १३ जनाको मृत्यु भएको छ। रुसको कोस्ट्रो शहरमा रहेको नाइट क्लबमा गएका एक ग्राहकले नाचगान गर्ने स्थानमा आगोका ज्वाला निस्कने बन्दुक पड्काउँदा नाइट क्लबमा आगलागी फैलिएको हो।

आगलागीमा परि केही घाइते भएका छन्। आगलागीका कारण नाइटक्लब पुर्ण रुपमा ध्वस्त भएको अन्तराष्ट्रिय सञ्चार माध्यमले जनाएका छन्। आगलागी गर्ने ब्यक्ति र क्लब व्यवस्थापकलाई प्रहरीले नियन्त्रणमा लिई अनुसन्धान थालेको छ।

# अमृत दोर्जेको आत्मकथा सार्वजनिक

काठमाडौँ । अमृत दोर्जेको आत्मकथा 'पर्खाइ' सार्वजनिक भएको छ । सोमबार एक समारोहबीच काठमाडौंमा पुस्तकको नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष तथा पूर्व उपप्रधानमन्त्री ईश्वर पोखेलले सार्वजनिक गर्नु गरेका हुन् । नेता पोखेलले पुस्तकमा दोर्जेको संघर्ष र सफलताको कथा समेटिएको औंल्याउँदै उक्त कथाले नयाँ पुस्तालाई उत्प्रेरणा दिलाउने दाबी गरे । महिला नेता र ाधिका शाक्यले दोर्जेको दुःख र संघर्षका कथाबाट समाजले पाठ सिक्नुपर्ने बताइन् । साहित्यकार स्नेह सायमिले आममान्छेले भोग्ने दुःख, पीडा र संघर्षको कथा पुस्तकमा समेटिएको बताए । बुढानीलकण्ठ नगरपालिका उप-मेयर तथा लेखककी छोरी अनिता लामाले पुरानो पुस्ताको अनुभव र समयलाई लिपिबद्ध गर्ने उदेश्यका साथ पुस्तक प्रकाशन गरिएको जनाइन् ।

काभ्रेको तेमाल गाउँबाट पाच दशकअघि काठमाडौं पसेका दोर्जेले बसाइँसराइदेखि उतिबेलाको काठमाडौंको अवस्था, श्रमिकहरुको कथा व्यथा, पेशागत संघर्ष र ट्रेड युनियन राजनीतिसम्मलाई पुस्तकमा समेटेका छन् ।




# भाषाशास्त्री राईको नयाँ कृति

काठमाडौँ । भाषावैज्ञानिक नोवलकिशोर राईको 'बान्तावा भाषाको वर्णनात्मक अध्ययन' (ए डिस्क्रिप्टिभव स्टडी अफ बान्तावा) प्रकाशित भएको छ । पुस्तक त्रिभुवन विश्वविद्यालय नेपाल र एसियाली अध्ययन केन्द्र ( सिनास)ले प्रकाशित गरेको हो । किरात राई जातिभित्र २६ वटा भाषा छन् । त्यसमध्ये बान्तावा भाषा एक हो ।

भाषावैज्ञानिक अध्ययन भएको बान्तावा भाषाको पहिलो शोधग्रन्थ हो । बान्तावा भाषामा हतुवाली, आमचोके र दिल्पाली भाषिका छन् । बान्तावा र अंग्रेजी भाषामा प्रकाशित कृति पाँचथर क्षेत्रको दिल्पाली भाषिकालाई लिएर यो शोध गरिएको हो । राईले भारतको डेक्कन कलेज, पुना विश्वविद्यालयबाट सन् १९८५ मा भाषाविज्ञान विषयमा विद्यावारिधि उपाधि हासिल गरेका थिए । उक्त विद्यावारिधि शोधलाई पुस्तकका रूपमा प्रकाशन गरिएको सिनासका कार्यकारी निर्देशक मृगेन्द्रबहादुर कार्कीले बताए । यो कृतिलाई भाषावैज्ञानिक अध्ययन तथा किरात राई भाषामध्ये पहिलो कृतिका रूपमा लिइन्छ । समुदायका केही अगुवाले राई जातिको एउटै 'राई भाषा' बनाउने अभियान थालेको स्थितिमा भाषावैज्ञानिक राईले अस्वीकार गरेपछि राई समूहमा बोलिने २६ वटा भाषा सहअस्तित्वमा रहेका छन् ।'बान्तावा भाषाको व्याकरणीक कोटीका बारेमा विस्तृत चर्चा गरिएको छ,' प्रकाशन प्राविधिक संयोजक पदम राईले भने, 'बान्तावा व्याकरणको हरेक पक्षको व्याख्या, विश्लेषण रहेका छन् । बान्तावा भाषा उच्चारण संकेत रोमन लिपिमै राखिएका छन् ।' यसैगरी राई जातिको संक्षिप्त परिचय र राईभित्र विभिन्न भाषाबारे चर्चा गरिएका छन् ।

पाँचथरको हिकुनाम्बा रविमा जन्मिएका राईले आफ्नो जन्मथलोमा बोलिने बान्तावा मातृभाषामा विद्यावारिधि शोध गरेका थिए । २०२९ सालमा सहायक प्राध्यापकको रुपमा त्रिभुवन विश्वविद्यालय प्रवेश गरेका उनी २०५९ मा प्राध्यापकमा पदोन्नति भई सेवानिवृत भएका हुन् । प्राध्यापक राईको 'बान्तावा सिकौं', 'बान्तावा व्याकरण' र 'अ बेसिक बान्तावा कोर्स' कृति प्रकाशित छन् ।

# पुस्तक-चर्चा : प्रारब्ध र कर्मयोगले जेलिएको जीवनलीला कृष्ण

जयदेव गौतम

पुराणहरूले दैवीकरण र दानवीकरण गरेका पात्रहरूलाई मानवीकरण गर्ने सतत् प्रयासको प्रतिफलका रूपमा देखिएको बृहत् उपन्यास हो, "कृष्ण" । त्रिभुवन बहुमुखी क्याम्पस तानसेनमा प्राध्यापनरत पाल्पावासी शङ्करप्रसाद गैरेले सिर्जना गरेको यो उनको दोस्रो उपन्यास हो । यसअघि, पछिल्ला करिब पन्ध्र वर्षदेखि कविता, गजल, कथा, समालोचना, अनुसन्धान र भाषा-विज्ञानको क्षेत्रमा निरन्तर कलम चलाउनँदै आएका उनको पहिलो उपन्यासका रूपमा 'उज्यालोतिर' ( विसं.२०७४) प्रकाशित छ । पछिल्लोपटक उनको अनुसन्धानमूलक कृति 'साहित्यमा बगनासकाली' (विसं. २०७९) बजारमा आएको छ ।

आफ्नो नयाँ उपन्यास "कृष्ण" का सन्दर्भमा लेखक गैरेले भनेका छन्, भन्न खोजेको कुरा मानव र दिव्य मानवबीचको अन्तर हो । प्रेमको उच्चता हो, त्याग हो, समर्पण हो र स्वाभिमान हो । सायद मलाई यो कथा रोज्न र यी कुराहरू भन्न अन्तश्चेतनामा अवस्थित ईश्वरले प्रेरित गऱ्यो ।

रमाइलो के महसुस हुन्छ भने लेखक आफैँ अन्तश्चेतनामा अवस्थित ईश्वरद्वारा प्रेरित भएका छन् ! अर्थात्, ईश्वरलाई मानव वा दिव्यमानव बनाउने प्रयासमा लेखक आफैँ ईश्वरको शरण परेका छन् ! यही कुराको छाप उपन्यासमा सर्वत्र पाइन्छ । खासगरी कृष्ण र उनका दाइ बलरामले सम्पादन गर्ने वा गराउने तमाम क्रियाकलापमा उनीहरूमा देखिने अमानवीय शक्ति, अद्भुत क्षमता, दैवीय सत्ताले ओतप्रोत देखिने चामत्कारिक गुण, विलक्षणता एवं स्वभाव आदिले कतै पनि उनीहरूलाई सामान्य वा आम मानिस बोध गराउँदैनन् । उपन्यासकार स्वयंले पनि कृष्णको जन्मलाई 'युगपुरुष' को जन्म भएको संकेत गरेका छन् (पृ.७५-७६) ।

पौराणिक मिथकलाई आधार बनाइएको उपन्यास "कृष्ण" को कथानक सुरु हुन्छ, पहिलो अध्याय 'कथारम्भ' बाट, जसमा लेखकले श्वैरकल्पनाको मीठो प्रयोग गर्दै अष्ट-चिरञ्जीवीमध्येका एक र अशोभनीय एवं अस्वस्थकर व्यवहारका कारण श्रीकृष्णद्वारा अभिशापित अश्वत्थामाका कुनै पछिल्लो पुस्ताका वृद्ध प्रतिनिधिलाई कुनै गुफामा भेटेको र उनै वृद्धले सुनाएको कथा जस्तो गरी वर्णन अगाडि बढाएका छन् । तर पठन अगाडि बढ्दै जाँदा त्यही कल्पना र श्वैरकल्पना चाहिँ भेटिँदैन । उपन्यासको पटाक्षेप हुन्छ 'कथान्त' नामाकरण भएको अन्तिम अध्यायबाट । यो बीचमा अर्को अध्याय 'अपदस्थ' देखि अगाडि बढेको उपन्यासमा 'युगपुरुष', 'गोकुल', 'लीला', 'प्रणय', 'सङ्गठन', 'प्रेमोत्कर्ष', 'राजनीति', 'वधशाला', 'गुरुकुल', 'परराष्ट्र सम्बन्ध', 'विवाह', 'लक्ष्यभेदन', 'परीक्षा', 'हस्तिनापुर', 'मित्रता', 'मित्र मिलन', 'ईर्ष्या', 'शान्तिदूत', 'युद्ध', 'कुरुक्षेत्र' र 'निष्कर्ष' समेत सानाठूला गरी जम्मा २४ अध्याय छन् ।

उपन्यासमा सबैभन्दा लामो अध्याय 'सङ्गठन' बनेको छ जुन ७७ पृष्ठसम्म विस्तारिएको छ । यस अध्यायमा उपन्यासका नायक कृष्ण र उनका दाइ बलराम भर्खरै गोकुलबाट वृन्दावन बसाइँ सरेपछि मथुराका अत्याचारी राजा कंसविरुद्ध लड्नका लागि स्थानीय जनहरूलाई युद्धकलाको तालिम दिने र अन्य तयारीमा व्यस्त भएको प्रसङ्ग उल्लेख छ । त्यससँगै राधा र कृष्णबीचको प्रेम-सन्दर्भ पनि विस्तृत रूपमा यसै अध्यायले उजागर गरेको छ । त्यसपछिको लामो अध्याय 'कुरुक्षेत्र' हो जुन ५४ पृष्ठसम्म फिँजारिएको छ र जसले महाभारतको १८ दिन लामो युद्धको कथा भनेको छ । औपचारिक कथा कृष्णका मावली हजुरबुबा महाराज उग्रसेनको दरबारबाट थालनी हुँदै अगाडि बढ्दै-बढ्दै कुनै व्याधाको तीर दाहिने पैतालामा लागेर एक विशाल वृक्षको छायामुनि पल्टिरहेका कृष्णको मृत्युमा पुगेर टुङ्गिन्छ ।

उपन्यासमा देखाइएको एक प्रमुख प्रसङ्ग राधा र कृष्णबीचको प्रेम उच्च छ, उदात्त छ । उनीहरूको प्रेम आदर्श, निःस्वार्थता, त्याग र बलिदानमा आधारित छ । राधाले पहिलोपटक कृष्णलाई भेट्दा नै उनलाई 'श्याम' भनेर सम्बोधन गर्छिन् र एउटा माला अनि मयूरपङ्ख उपहार दिन्छिन्, जसलाई कृष्णले आजीवन धारण गर्दछन् । राधाले एकपटक कृष्णलाई दिएको पत्रमा लेख्छिन्, यतिबेला मलाई लागिरहेछ तिमी मेरो प्रेम हौ र म तिम्रो प्रेम । एउटा यस्तो प्रेम जुन कहिल्यै समाप्त हुँदैन । हो, श्याम । मलाई यस्तो लाग्दैछ, म समाप्त भएर जाउँला, एकदिन तिमी पनि समाप्त हुन्छौ तर हाम्रो प्रेम युगौंसम्म रहनेछ । मेरो मनमा यस्तो भाव खै कहाँबाट विकसित भयो, म भन्न सक्दिनँ श्याम ।'(पृ.१८८) ।

अर्को एक ठाउँ राधाले भनेकी छन्, प्रेम भनेको त्याग हो । जहाँ प्राप्तिको अभिलाषा हुन्छ, त्यहाँ प्रेम हुँदैन । त्यो त स्वार्थ हुन्छ । ' प्रेममा सहज रूपमा प्राप्त भए ग्रहण गर्न सक्नुपर्छ र त्याग्नु परे पनि सहज रूपमा त्याग्न सक्नुपर्दछ । प्रेममा आफ्नोभन्दा अरूको भलो चिताउनुपर्छ र त्यही प्रेम अमर हुन्छ, जीवन्त रहन्छ । ( पृ.२१३) ।

राधा र कृष्ण दुवैजना एकअर्कालाई हृदयको गहिराइबाट प्रेम गर्छन् तर सबै कुरा नियतिबाट पहिलेदेखि नै निर्दिष्ट छन भन्ने मान्यता व्यक्त गर्ने कृष्णको विवाह भने राधासित कहिल्यै हुँदैन बरु विभिन्न परिस्थितिबीच अन्य तीनजना युवती क्रमशः रुक्मिणी, जाम्बवती र सत्यमाभासित हुन्छ । त्यसो भए पनि र आफू नर्क नै जानु परे पनि कृष्णको हितका लागि जे सुकै गर्न सधैँ तत्पर रहने राधाको समर्पण अनौठो छ र त्यसका अगाडि कृष्ण-पत्नीहरू नतमस्तक हुन्छन् । तर राधा भने आजीवन अविवाहित बस्छिन् । तर उनको उत्तरार्द्ध र शेष जीवनबारे उपन्यास पूर्णतः मौन छ ।

यसैगरी सुदामा र कृष्णबीचको मित्रता अनि सुदामाप्रति कृष्णको सादर स्नेह पठनीय छ । कृष्णको मित्र-प्रेम कस्तो छ भने सुदामाका आँसु कृष्णको आँखामा अटाउन पुगेका हुन्छन् । यद्यपि, स्वाभिमानी ब्राह्मण सुदामाको भक्तियोग र ज्ञानयोग तथा कृष्णकै कर्मयोगबारे पनि अत्यल्प चर्चा मात्र छ । यथार्थमा उपन्यासले त्यसको अलि सविस्तार चर्चाको माग गर्दछ ।

यहाँनिर कृष्णको एउटा अद्भुत स्वभाव पनि उद्बोधित हुन्छ- केही समय कृष्णको संगत गरेको मानिस बिछोडपछि झन्झन् कृष्णप्रेमी र कृष्णभक्त बन्दै गएको हुन्छ । यही कारण हुनुपर्दछ, कृष्णका नजिक रहेका वा उनको संगत गरेका देवकी, नन्दलाल, यशोदा, वसुदेव, सुदामा, गोकुल, वृंदावन, द्वाराका, राधा, रुक्मिणी, सत्यभामा, जाम्बवती सबैजना अजरअमर भए ।

उपन्यासमा कृष्णको माध्यमबाट भन्न खोजिएको छ-जीवन गतिशील छ र यसमा कहिल्यै पूर्णविराम लाग्दैन । जन्म र मरण त सृष्टिको नियम नै हो । यस्तै अर्को एक ठाउँमा कृष्णको भनाइ छ, यो मानवीय स्वभाव हो प्रियव्रत । मान्छे आफ्नो सानो कमजोरी र अभावलाई ठूलो ठान्छ र अर्काको ठूलोभन्दा ठूलो समस्यालाई पनि झिनोमसिनो । (पृ.२६९) ।

सबैले जानेकै तथ्य हो, महाभारत आफैँमा एक अत्यन्त लोकप्रिय महाकाव्यात्मक पौराणिक आख्यान हो र "कृष्ण" उपन्यासले त्यसै आख्यानभित्र थुनिएका अनेकानेक पात्रहरूलाई एकपटक फेरि नेपाली पाठकसामु जीवन्त बनाइदिएको छ । त्यसकारण यस उपन्यासभित्र जीवन छ । जीवनका विविध आयाम छन् र प्रत्येक प्राणीले जीवनमा भोग्नुपर्ने तमाम उहापोह एवं आरोह-अवरोहका विशद् शृङ्खला छन् ।

त्यसमाथि उपन्यासका महानायक श्रीकृष्णका मानवीय तर 'सुपर पावरयुक्त क्षमता' ले भरिएका रमाइला, रोचक एवं रोमाञ्चक क्रियाकलापले पठनलाई कुनै बेला पनि बोझिलो हुन दिँदैनन् । शिशु कृष्णलाई मार्न हिँडेकी पूतना कृष्णको समिप पुगेको केहीबेरमा चामात्कारिक किसिमबाट आफैँ मर्नु, कंसकी महत्वाकांक्षी बहिनी पूतना मात्र नभएर कंसले पठाएका तमाम डरलाग्दा एवं महाबलशाली राक्षसगण बालक कृष्ण-बलरामका हातबाट मारिँदै जानु, मथुरामा ती दुई भाइले शक्तिशाली पहलमानहरूका साथै मदमत्त विशाल हात्तीलाई सहजै मार्नु र त्यहीँ अन्ततः उनै बालक कृष्णले आफ्ना अत्याचारी मामा कंसलाई मथुरावासीका अगाडि मार्नु आदि प्रसङ्ग उल्लेख गर्न मिल्छ ।

यसैगरी कृष्णलाई अनैतिक एवं नारीपरस्त भन्दै उनलाई बदनाम र महिमाहीन गर्न खोज्ने स्वभाव बोकेका मानिसहरूलाई नाजवाफ पार्दै उपन्यासकारले कृष्णलाई नारीको उच्च सम्मान एवं सुरक्षा गर्न कटिबद्ध व्यक्तित्वका रूपमा चित्रण गरेका छन् । त्यसका लागि उपन्यासकारले सरोवरमा निर्वस्त्र नुहाइरहेका युवती र कृष्णले उनीहरूका वस्त्र लुकाइदिएको प्रसङ्ग उल्लेख गरेका छन् । त्यसो गरेर कृष्णले ती युवतीहरूलाई खुल्ला सरोवर वा खुल्ला स्थानमा नग्न नुहाउन नहुने पाठ सम्झाएका हुन्छन् । उल्लिखितसमेत तमाम सन्दर्भ र प्रसङ्गहरूले प्रस्ट औँल्याउँछन्– "कृष्ण" सामान्य बाजारु उपन्यास होइन, एउटा गम्भीर एवं अनुपम किताब हो ।

उपन्यासकारले तीन वर्षभन्दा केही लामो प्रयास र अथक परिश्रमपछि मात्र यो उपन्यास लेखिसिद्ध्याएका हुन् । लेखनक्रममा उनले महाभारत र भागवतका अतिरिक्त विष्णुपुराण र पद्मपुराण जस्ता पौराणिक ग्रन्थ अनि नेपाली उपन्यास 'द्वन्द्वको अवसान', 'मोदीआइन' र 'राधा' आदिका साथै कृष्णसम्बन्धी पछिल्लो समयमा प्रकाशित नेपाली र हिन्दी साहित्यका थुप्रै कथा-आख्यानहरूको अध्ययन एवं अनुशीलन गरेको उल्लेख गरेका छन् । यो तथ्यले पनि प्रमाणित गर्दछ, "कृष्ण" उपन्यास आफैँमा एक किसिमको शोधग्रन्थ पनि हो जसले एक लाखभन्दा बढी श्लोक भएको महाभारत मूलग्रन्थ पढ्न नसक्नेहरूलाई छोटकरीमा भए पनि यो महागाथा पढ्न, बुझ्न र सिक्न प्रेरित गर्ने क्षमता राख्दछ । अध्ययनप्रेमीका लागि यो एउटा राम्रो खुराक हुनसक्ने तथ्यमा दुई मत हुन सक्दैन । यसो भए तापनि महाभारत-कुरुक्षेत्रबारे जान्ने-बुझ्नेहरूका लागि उपन्यास "कृष्ण" ले केही नयाँ तथ्य भने दिन सकेको छैन । पहिले कंसको निरन्तर निशृंश व्यवहार र पछि शकुनीको धूर्त्याइँ एवं दुर्योधनको अहंकारका छिटपुट प्रसङ्गबाहेक उपन्यासमा रोमाञ्चक द्वन्द्व छैन, घृणास्पद कुटिलता र जगरका रौँ ठड्याउने क्रूरताको लेपन छैन, बरु छ त एकोहोरो कथानक र सपाट वर्णन मात्र । सायद सम्पादनको क्रममा यथेष्ट ध्यान पुग्न नसकेकाले हुनुपर्छ, केही नमिल्दा प्रसङ्गसित पनि जम्काभेट हुन पुग्दछ, जस्तो- नवजात कृष्णलाई लिएर वसुदेव गोकुल आइपुग्नै लाग्दा सुत्केरी-व्यथा लागेकी यशोदाले शिशुलाई जन्म दिन्छिन्, त्यसलाई पहिला 'बालक'भनिएको छ तर लगत्तै केही पंक्तिपछि 'बालिका' भनी सम्बोधन गरिएको छ (पृ.७८) । ' कृष्ण चार महिनाको हुँदा चार खुट्टाले टेकेर दौडिन थालेका थिए लेखिएको छ (पृ.१०३) । यस्तै अर्को एक ठाउँमा भनिएको छ' केही क्षणपछि पानी कोखिलामा हालेर यशोदा घरभित्र पस्दै थिइन् (पृ.१२९) । ठाउँठाउँमा यस्ता कतिपय उदाहरण छन् । यस्तै एक प्रसङ्गमा- गुरु द्रोणाचार्य, पितामह भीष्मलगायतले अर्जुनसँग प्रतिस्पर्धा गर्नबाट कर्णलाई रोक्दा स्पष्टीकरण माग्ने दुर्योधन नै थियो (पृ.४२६) । (त्यो कुन प्रतिस्पर्धा हो भन्नेबारे अन्यत्र कतै उल्लेख नै छैन) ।

महाभारत युद्धका कतिपय प्रसङ्गहरू पनि प्रश्न उठाउनुपर्ने किसिमका छन्–

- जुवामा पहिले युधिष्ठिरले आफूलाई बाजीमा राखेको र त्यो दाउ हारेपछि भीमले आफूहरू चार भाइलाई पनि दाउमा राख्न आग्रह गरेपछि युधिष्ठिरले त्यो दाउ पनि खेलेको र हारेको प्रसङ्ग (पृ.४७५) ।
- पासा जुवामा पाँच पाण्डव हारिसकेको समाचार दासीबाट सुनेपछि द्रौपदीले आफूलाई पनि दाउमा थाप्न स्वीकृति दिएको प्रसङ्ग (पृ.४७६) ।
- महाभारतभित्रको एउटा प्रमुख मुद्दा चिरहरण प्रसङ्गको उल्लेख नै नभएको प्रसङ्ग । बाह्र वर्षको वनवास र एक वर्षको गुप्तवासको धृतराष्ट्र प्रस्तावलाई सर्वप्रथम द्रौपदीले स्वीकार गरेको प्रसङ्ग (पृ.४७९) ।
- भीम एक-एक गर्दै दुर्योधनका भाइहरूको हत्या गरिरहेका थिए र दुर्योधनका अन्ठानब्बे भाइहरूको एकै दिन अन्त्य भयो भन्ने प्रसङ्ग । (यथार्थ त्यस्तो नभएर दुर्योधनका आठ भाइहरू युद्धको चौथो दिन, सत्र भाइहरूको आठौं दिन र त्यसपछि पनि क्रमशः दिनहुँ मारिँदै गएर अन्तिम अर्थात् अठारौं दिन स्वयं दुर्योधन मारिएको हो) ।
- गान्धार राजकुमार शिखण्डी लेखिएको प्रसङ्ग (यथार्थमा शिखण्डी राजा द्रुपदका पुत्र र पाञ्चाल देशका राजकुमार थिए) ।
- महाभारत युद्धको चौथो दिन भीमपुत्र घटोत्कच विनाशकारी पहिरो बनेर कौरव सेनामा प्रलय मच्चाइरहेको थियो' । कर्णले घटोत्कचलाई मार्न ब्रम्हास्त्र प्रयोग गरेको आदि प्रसङ्ग ।

(यथार्थमा घटोत्कच महाभारतमा सुरुदेखि सहभागी भएको नभई चौधौं दिन द्रोणाचार्यको हत्यापश्चात् कौरव पक्षबाट रात्रि-युद्ध गर्दै राक्षस-योद्धा अलम्बसलाई मैदानमा उतारेपछि कृष्णको सल्लाहमा भीमले आह्वान गरेपछि घटोत्कच युद्धमा सहभागी भएको र कौरव सेनामा हाहाकार मच्चाउँदै सर्वत्र भय सिर्जना गरिरहेको बेला दुर्योधनको आग्रहमा कर्णले आफूसित भएको दिव्यास्त्र 'वासवी शक्ति' को प्रयोग गरेपछि घटोत्कचको मृत्यु हुन्छ) । यस्तै अन्य सन्दर्भ पनि छन् प्रश्न उठाउन मिल्ने ।

# प्रिमियम कार ब्राण्डलाई थप चुनौती बन्दै नेपाली बजार

काठमाडौं । विश्वमा बिक्री हुने प्रिमियम ब्राण्डका धेरै कार नेपाली बजारमा छैनन् । अहिलेसम्म जर्मन ब्राण्ड बीएमडब्लू र मर्सिडिज तथा जापानी ब्राण्ड लेक्सस बाहेक अन्य प्रिमियम कार उत्पादकले नेपालमा गाडी बिक्री गरेका छैनन् ।

राज्यले गाडी आयात गर्न बेला बखतमा दोस्रो बाटो खोलिदिएको समयमा भने ल्याण्डरोभर, ज्यागुअर, अउडी जस्ता ब्राण्ड नेपाल आए थिए । तर, यी ब्राण्डको उपस्थिति नियमित रुपमा बिक्री गर्नेगरी भएको छैन । नेपालमा प्रिमियम कार ल्याएर बिक्री गर्दै धनाढ्यहरुको चाहना पुरा गराउँदै आएका किशोर गियरका संचालक किशोर वादे श्रेष्ठ सरकारले काम गरेर खान नदिएको गुनासो गर्छन् । उनि भन्छन्, 'यहाँ ब्यापार गरेर खान्छु भन्दा पनि सरकारले दिदैन । सरकार नै नयाँ ब्यवसायी आउँछ कि भनेर डराएर बसेको अवस्था छ । त्यसैले यहाँ ब्यापार गरेर खान निकै कठिन छ ।' किशोर गियरले नेपालमा सुरुमा प्युजो, मर्सिडिज, ज्यागुअर, ल्याण्डरोभर जस्ता ब्राण्ड ल्याएको थियो । तर, कम्पनीले यी कुनै पनि ब्राण्डको शोरुम निर्माण गरेर आधिकारीक बिक्री वितरण भने गरेन ।

उक्त कम्पनी लामो समयदेखि मर्सिडिजको आधिकारीक विक्रेता रहेको थियो । अहिले संचालकहरुको विवादको कारण मर्सिडिजको आयात पनि ठप्प छ । सन् २०२० मा नेपाल आएको बीएमडब्लू पनि सरकारको अस्थीर नीतिको मारमा परेको छ । सरकारले कहिले डलरको सिमा तोकेर आयात बन्द गर्ने त कहिले पूर्ण आयात प्रतिबन्ध लगाउने गरेको कारण बीएमडब्लूले पनि गाडी राम्रोसँग आयात गरेर बिक्री गर्न पाएको छैन ।

'हामी कोभिड संक्रमण तिव्र गतिमा फैलिएको समयमा नेपाल आयौं । त्यसपछि डलरको सिमा तोकेर आयात गर्न रोमियो । साथै, अहिले ८ महिनादेखि आयात प्रतिबन्ध रहेको कारण गाडी उपलब्ध गराउन सकिएको छैन', बीएमडब्लूको आधिकारीक विक्रेता लक्ष्मी प्रिमियम स्रोतले मेरोअटोसँग भन्यो ।



बीएमडब्लू नेपालको लागि निकै प्रिमियम ब्राण्ड मानिन्छ । कम्पनीले २ करोड ७० लाखदेखि ५ करोड मूल्यसम्मका एसयूभीहरु बिक्री वितरण गर्दै आएको छ ।

जीपले पनि अमेरिकाबाट सिधै आयात गरेर लाइफ स्टाइल सेग्मेन्टमा ग्राण्ड चेरोकी र रुबीकन नेपाल ल्याएको थियो । बजारमा देखिएको तरलता अभाव र बैंकले गाडी किन्नेलाई गर्ने लगानी खुम्चाएको कारण यसको पनि राम्रो पर्फमेन्स हुन सकिरहेको छैन ।

भविष्यमा पनि प्रिमियम ब्राण्डलाई चुनौती

कम्तीमा नेपाल जस्तो देशमा प्रिमियम ब्राण्डले गाडी विक्री सुरु गर्न हत्तपत्त आँट गर्दैनन् । ल्याण्डरोभर, ज्यागुअर, मिनी कुपर, भल्भो, अउडी, मासेराती, रोल्स रोयस, पोर्श्चे, जेनीसस, लेम्बोर्गेनी, एस्टन मार्टिन जस्ता ब्राण्ड तत्काल नेपाल आउने देखिदैन । टोयोटाको आधिकारीक विक्रेताले लेक्सस अर्डरको आधारमा आयात गरिरहेको छ । तर, कम्पनीले यसको छुट्टै शोरुम, सर्भिस सेन्टर संचालन गरेर नियमित विक्री गर्न सकिरहेको छैन ।

# २ लाखको इलेक्ट्रीक स्कुटरले तीन वर्षमा २ लाख ५० हजार बचत गर्ने

काठमाडौं । आइएमई ग्रुप अन्तर्गतको आइएमई इलेक्ट्रीकले भर्खरै सकिएको चाडपर्वमा एक सयभन्दा बढी युनिट राफ्ट इलेक्ट्रीक स्कुटर बिक्री गरेको जनाएको छ ।

कम्पनीले राफ्ट मोटर्समा ६ वटा भन्दा बढी मोडलका इलेक्ट्रीक स्कुटर नेपाल ल्याएर बिक्री वितरण गर्दै आएको छ । राफ्ट स्कुटरहरुले सिंगल चार्जमा नै ३ सय २० किलोमिटरसम्म रेन्ज दिने भएकोले




ग्राहकले मन पराएको कम्पनीले जनाएको छ ।

पेट्रोल स्कुटरको तुलनामा निकै सस्तो संचालन खर्च रहेका राफ्ट इलेक्ट्रीक स्कुटर प्रतिकिलोमिटर ३० पैसा लागतमा चलाउन सकिन्छ । यो स्कुटर चलाउने ग्राहकले ३ वर्षमा करिब २ लाख ५० हजार रुपैयाँ इन्धन खर्च मात्रै बचाउने कम्पनीले जारी गरेको विज्ञप्तीमा उल्लेख छ ।

राफ्टका स्कुटरमा फायरप्रुफ ब्याट्री, रिभर्स गियर, मल्टी ड्राइभिङ मोड, फास्ट चार्जर सपोर्ट, कि-लेस स्टार्ट, डीआरएल हेडलाइट, थेफ्ट अलार्म, डिजिटल डिस्प्ले, रिमोट लकिङ, अटोमेटिक चार्जर कट-अफ जस्ता विशेषता पाउन सकिन्छ ।

राफ्टका स्कुटरको बारेमा आइएमई इलेक्ट्रीकका प्रमुख कार्यकारी अधिकृत हेमन्त पुराणिक भन्छन्, 'मूल्य र किलोमिटर दायराको सन्दर्भमा उत्कृष्ट संयोजन भएको राफ्ट स्कुटरको मूल्य १ लाख ९९ हजार छ । यो बजार उपलब्ध मध्ये सबैभन्दा किफायती इलेक्ट्रीक स्कुटरमा पर्छ ।'

बिक्री, सेवा र स्पेयर पार्ट्सका साथ आइएमई इलेक्ट्रीकले सक्रिय रूपमा आफ्नो नेटवर्क विस्तार गर्दै आएको छ । यसका अहिले नेपालमा १० भन्दा बढी डिलर छन् ।

# आयाल निगमले किन्यो विद्युतीय कार

काठमाडौं । नेपाल आयाल निगमले विद्युतीय कार खरिद गरेको छ । पेट्रोलियम पदार्थको बिक्री वितरण गर्ने एक मात्र विक्रेताले विद्युतीय कार खरिद गरेको हो । बीवाइडी इ६ को लागि १ करोड ७२ लाख ५० हजार रुपैयाँ खर्च गरेको छ ।

सरकारले विद्युतीय साधनको प्रयोग बढाउँदै पेट्रोलियम पदार्थको आयात बीवाइडी इ६ नेपालमा उपलब्ध मध्ये सबैभन्दा धेरै रेन्ज दिने विद्युतीय गाडी हो । ७२ किलोवाट आवर क्षमताको बीवाइडी ब्लेड ब्याट्री रहेको ईई लाई सिंगल चार्जमा ५२१ किलोमिटर



नेपाल आयाल निगमले ३ वटा विद्युतीय कार खरिदको लागि टेन्डर आह्वान गरेको थियो । उक्त टेन्डरमा सहभागी मध्ये बीवाइडी न्यू इ ६ खरिद गर्ने भएको हो । निगमले ३ वटा घटाउने रणनीति बनाए अनुसार आयाल निगमले किनेको विद्युतीय साधनको सांकेतिक महत्व धेरै हुने सरोकरवालाहरुको भनाई छ ।

निगमले खरिद सम्झौता गरेको चलाउन सकिन्छ । निकै ठूलो साइज, ७० किलोवाट क्षमताको इलेक्ट्री मोटर, सबै किसिमका आधुनिक सुरक्षा फिचर उपलब्ध इ६ नेपाली बाटोमा राम्रै संख्यामा गुड्न थालेको मोडल हो ।

## डेंगीबाट बच्ने उपायहरु :

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुनाकाप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, कार्यकारी सम्पादक विनोद कार्की, ९८६१५८८४५६,९८६१५२८१०८ ,कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस